# नेपालमा आदिवासी अधिकार हननका घटना

LAHURNIP -1995 (लाहुर्निप-२०५१)
Kathmandu, Nepal

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह

(लाहुर्निप)

# नेपालमा आदिवासी अधिकार हननका घटना

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह
(लाहुर्निप)

**प्रकाशक**
नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, पो.ब. नं.: ११११७९, काठमाडौं
फोनः +९७७ ०१ ४२६८५१०
इमेलः lahurnip.nepal@gmail.com
वेबसाइटः www.lahurnip.org

सर्वाधिकार © लाहुर्निप, सन् २०१७

प्रथम प्रकाशन सन् २०१७

**आवरण सज्जा कम्प्युटर लेआउट**
यति इन्टरप्राइजेज
मो.: ९८५१०८४३९३
इमेलः yetienter2016@gmail.com

**मुद्रण**
हिसी अफसेट प्रिण्टर्स प्रा.लि.
जमल, काठमाडौं
फोन नं: ०१-४२२६४१६

ISBN: 978-9937-9135-5-3

# संक्षेपीकरण

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| गाविस | गाउँ विकास समिति |
| जिविस | जिल्ला विकास समिति |
| न.पा. | नगरपालिका |
| नं. | नम्बर |
| मे.वा. | मेगावाट |
| त्रिवि | त्रिभूवन विश्वविद्यालय |

# प्रकाशकीय

यस पुस्तकामा आदिवासी मानवअधिकार हननका १३ वटा घटनाहरू समावेश गरिएका छन् । विशेषगरी यहाँ समावेश गरिएका मानवअधिकार हननका घटनाहरू विकासका नाममा संचालन हुने गरेका परियोजनाहरूबाट घटेका छन् । एकातिर विकास मानव समुदायको लागि अपरिहार्य भएको छ भने अर्कोतिर नेपालमा विकास भन्नाले भौतिक संरचनाहरूको निर्माणलाई मात्र बुझ्ने गरिएको छ । वास्तवमा विकास समुदाय र मानिसका लागि हुनुपर्ने हो ।

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले विभिन्न समुदायलाई कानूनी परामर्श तथा सहयोग गर्ने क्रममा उनीहरूको सवालसँग नजिकबाट साक्षातकार हुने अवसर पाएको छ । यस पुस्तकमा समावेश गरिएका मानवअधिकार हननका घटनाहरू प्रतिनिधि घटनाहरू मात्र हुन् । यस प्रकारका समस्याहरू नेपालका विभिन्न स्थानहरूमा असंख्य मात्रामा दिनानुदिन घटिरहेका छन् ।

यस पुस्तकमा समावेश गरिएका 'मानवअधिकार हननका घटनाहरू' र समुदायले चालेका कदमहरूले अन्य क्षेत्रका आदिवासी र स्थानीय समुदायहरूलाई उनीहरूको अधिकार रक्षाका लागि लड्न प्रेरणा तथा उत्साह प्रदान गर्छ भन्ने आशा गरिएको छ । साथै मानवअधिकारकर्मी, नीति निर्माता र व्यापारिक निकायहरूलाई पनि मानवअधिकार रक्षाका लागि कदम चाल्न प्रेरणा मिल्छ भन्ने आशा गरिएको छ ।

अन्तमा, यस पुस्तक प्रकाशनमा प्रत्यक्ष वा परोकक्ष रुपमा योगदान गर्ने सबैलाई हार्दिक धन्यवाद ।

शान्ति कुमारी राई
अध्यक्ष

# विषय सूची


परिचय........................................................................ १

१. सडक विस्तार र विस्थापन.............................................. ३

२. भूलभूले मध्यमर्स्याङदी १३२ के.भी. विद्युत प्रसारणलाईन परियोजना र मानवअधिकार हनन.................................. ८

३. पदमखोला विद्युत आयोजना र मानवअधिकार हनन.......... १६

४. पशुबधशाला गुलरीया, बर्दिया र मानवअधिकार हनन.......... २२

५. धनकुटे रोडबाट आदिवासी र स्थानीय समुदायको अधिकार हनन ........................................................ २७

६. काबेली विद्युत प्रसारणलाईन परियोजनाबाट मानवअधिकार हनन .................................................. ३७

७. विराट पोल्ट्री प्रा.लि.र मानवअधिकार हनन...................... ४५

८. पाँचथरमा आदिवासीको भूमिअधिकार हनन.................. ५२

९. खड्गी समुदाय पहिचान र आत्मसम्मानका कानूनी लडाईं........................................................... ५८

१०. आदिवासीहरूको भूमिमा उनीहरूको सहमति बिना चुनढुंगा उत्खनन परियोजना संचालन............................ ७०

११. कैलालीमा आदिवासीको भूमिमाथिको अधिकार हनन........ ८२

१२. टीकापुरमा मानवअधिकार हनन.................................... ८७

१३. माथिल्लो त्रिशुली १ जलविद्युत परियोजनामा आदिवासी अधिकार हनन........................................................... ९५

१४. लाहुर्निपको परिचय ...................................................... १०४

# परिचय

आदिवासीहरू विकास विरोधी हैनन् । तर उनीहरू दीगो र वातावरणमैत्री विकासको पक्षमा हुन्छन् । वास्तवमा विकासको अवधारणा मानव विकास तथा उनीहरूको सुविधाका लागि आएको हो । तर अहिले आर्थिक वृद्धि र भौतिक संरचनाको बढोत्तरीलाई मात्र विकास भन्ने मानसिकता बढेका कारण त्यसको प्रत्यक्ष प्रभावमा आदिवासीहरू पर्ने गरेका छन् । यो आफैंमा विकासको नकारात्मक अभ्यास हो, जसले प्राकृतिक स्रोत र साधनको दोहनलाई बढावा दिन्छ र जलवायु परिवर्तनलगायतका प्राकृतिक प्रकोपहरूको खतरा दिनानुदिन बढेको छ र भविष्यमा बढ्ने खतरा झन बढेको छ ।

यस पुस्तकमा समाविष्ट १३ वटा मानवअधिकार हननका घटनाले आदिवासीहरूको भूमिमाथिको अधिकार, सूचनाको हक, स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार आदि हनन गरेको छ । साथै विकासका नाममा संचालन हुने विभिन्न परियोजनाहरूले आदिवासीहरूलाई उनीहरूको भूमिबाट विस्थापन गर्नुका साथै उनीहरूको भूमि भूक्षेत्रमाथिको अधिकारलाई दक्खल गरेको छ ।

आदिवासीहरूको भूमिसँग अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । परम्परागत भूमिबाट विस्थापन हुँदा उनीहरूको भाषा, संस्कृति, जीविकोपार्जनलगायतमा प्रत्यक्ष प्रभाव पर्न जान्छ ।

नेपालमा विशेषगरी आदिवासीहरूको भूमिमा संचालन हुने जलविद्युत परियोजना तथा भौतिक संरचना निर्माण आदिले उनीहरूको भूमि तथा भूक्षेत्रमाथिको अधिकार हनन गर्ने गरेका छन् । यसरी परियोजनाहरू संचालन गर्दा राज्य, व्यापारिक क्षेत्र र लगानीकर्ता सबैले मानवअधिकार हनन भए नभएको ख्याल गर्नुपर्ने प्रावधान अन्तर्राष्ट्रिय मानवअधिकार तथा व्यापार र मानवअधिकार सम्बन्धी दस्तावेजहरूमा उल्लेख भएको पाइन्छ ।

आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र[1] ले आदिवासीहरूको भूमिमाथिको अधिकार सुनिश्चित गरेको छ। साथै अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ ले पनि आदिवासीहरूको भूमि तथा प्राकृतिक स्रोतसाधनमाथिको अधिकार सुनिश्चित गरेको छ। नेपाल उल्लिखित दुवै अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी दस्तावेजहरूको हस्ताक्षरकर्ता मुलुक हो। तर पनि कार्यान्वयनमा राज्य तदारुक नदेखिएका कारण आदिवासीहरूको भूमिमाथिको अधिकार हननको घटना दिनानुदिन बढिरहेको छ। यस पुस्तकमा समावेश प्रतिनिधि घटनाहरू त्यसको उदाहरण मात्र हुन्। आदिवासीहरूको भूमि अधिग्रहण राज्य तथा राज्यको आडमा गैरराज्य, विशेषगरी व्यापारिक निकायहरूबाट सर्वत्र हुने गरेको छ। जलविद्युत परियोजना, विकास निर्माणका विभिन्न परियोजना तथा व्यापारिक निकायहरूबाट हुने व्यावसायिक क्रियाकलापहरूबाट आदिवासीहरूको भूमिमाथि दखल हुने गरेका छन्।

त्यसप्रकार हुने भूमि अतिक्रमणबाट आदिवासीहरू विस्थापन हुनुका साथै उनीहरूको परम्परागत थातथलोको विनाश, धार्मिक, साँस्कतिक आस्था तथा विश्वासका धरोहर नष्टलगायत उनीहरूको जीविकोपार्जनमा समेत नकारात्मक असर परियोजनाहरूबाट पर्ने गरेको छ। राज्य आदिवासीहरूको अधिकारका सम्बन्धमा संवेदनशील नहुँदा देशभित्र रहेका साँस्कृतिक धरोहरहरू समाप्त हुने क्रम बढेको छ, जसबाट आदिवासी मात्र नभई गैरआदिवासी र समग्रमा राज्यको अमूल्य सम्पत्ति नै सदाका लागि सकिने खतरा बढेको छ।

सदियौँदेखि आदिवासीहरूले संरक्षित गरेको त्यस प्रकारका सम्पदा हुनु भनेको आदिवासीहरूको पहिचान मात्र नभई राज्यको पहिचानमा नै खतरा पुग्ने देखिन्छ। तिनै सम्पदा, संस्कृति नै वास्तवमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको पहिचानको माध्यम बनेकोमा कुनै द्विबिधा छैन। तसर्थ आदिवासीहरूको थातथलो र उनीहरूको भूमिमाथिको अधिकार सुनिश्चित गर्न राज्य तथा व्यापारिक निकायहरू जागरुक र सचेत हुनु आवश्यक छ।

---

[1] UNDRIP, Art. 32 (2).

# सडक विस्तार र विस्थापन

१. **घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- साँस्कृतिक
- धार्मिक
- आर्थिक
- भूमिमाथिको अधिकार
- विस्थापन
- स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार (FPIC)

ख. घटना भएको मिति र समय

मिति: २०६९ सालदेखि

ग. घटना भएको स्थान

जिल्ला: काठमाडौ, भक्तपुर र ललितपुर

नपा/गाविस: काठमाडौ महानगरपालिका, गोकर्णेश्वर नगरपालिका, चन्द्रगिरी नगरपालिका, शंखरापुर नगरपालिका, कागेश्वरी-मनहरा नगरपालिका, टोखा नगरपालिका, तार्केश्वर नगरपालिका, ललितपुर महानगरपालिका, गोदावरी नगरपालिका, भक्तपुर नगरपालिका, सूर्यविनायक नगरपालिका ।

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थर:**

क. समुदायको निश्चित क्षेत्र/स्थान : काठमाडौ, ललितपुर तथा भक्तपुरका आदिवासी तथा स्थानीयहरू

ख समुदायमा कूल प्रभावितहरूको संख्या: १,५०,००० भन्दा बढी छन् (लाहुर्निपको मुद्दा प्रयोजनको लागि लिएको तथ्याङ्क अनुसार १७,५२३)

ग. प्रभावित पुरुषहरूको संख्या: ८,७७७ (लाहुर्निपको मुद्दा प्रयोजनको लागि लिएको तथ्याङ्क अनुसार)

घ. प्रभावित महिलाहरूको संख्या: ८७४६ (लाहुर्निपको मुद्दा प्रयोजनको लागि लिएको तथ्याङ्क अनुसार)

ङ. प्रभावित बालबालिकाहरूको संख्या: ४१२१ (लाहुर्निपको मुद्दा प्रयोजनको लागि लिएको तथ्याङ्क अनुसार)

च. प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: नेवार, तामाङ, गुरुङ, राई, मगर, थकाली, घले, शेर्पा, थारु, भूजेल, लिम्बू तथा क्षेत्री-बाहुन, दलित, मधेशी, मुस्लिम आदि ।

छ. आदिवासी जनजाति नेताहरूको नाम: सुमन सायमी, काठमाडौ उपत्यकाव्यापी सडकपीडित संघर्ष समिति ।

ज. समुदायका सदस्यहरूको मुख्य पेशा: पसल व्यावसाय, ज्याला मजदुरी, नोकरी ।

**३. मानवअधिकार उल्लंघनकर्ताहरूको विवरण**

**क. मानवअधिकार उल्लंघनकर्ता**(हरू)**को निकाय**:

- नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं,
- नेपाल सरकार, भौतिक पूर्वाधार मन्त्रालय, सिंहदरवार, काठमाडौं,
- नेपाल सरकार, शहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं,
- नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं,
- सडक विभाग, मीनभवन, काठमाडौं,
- क्षेत्रीय सडक निर्देशनालय, काठमाडौं,
- डिभिजन सडक कार्यालय, सानोगौचरण/मीनभवन, काठमाडौं,
- उपत्यका सडक विस्तार आयोजना, बानेश्वर, काठमाडौं,
- काठमाडौं उपत्यका विकास प्राधिकरण, काठमाडौं,
- महानगरीय प्रहरी परिसर, काठमाडौं र ललितपुर,
- जिल्ला आयुक्तको कार्यालय, काठमाडौं, ललितपुर, भक्तपुर,
- जिल्ला प्रशासन कार्यालय, काठमाडौं, ललितपुर, भक्तपुर,
- काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरवार, काठमाडौं,

- ललितपुर महानगरपालिकाको कार्यालय, पुलचोक, ललितपुर,
- महानगरीय प्रहरी वृत्त, बौद्ध, गौशाला, सातदोबाटो, कालीमाटी, स्वम्भू, थानकोट,
- गोकर्णेश्वर नगरपालिकाको कार्यालय,
- चन्द्रगिरी नगरपालिकाको कार्यालय,
- शंखरापुर नगरपालिकाको कार्यालय,
- कागेश्वरी-मनहरा नगरपालिकाको कार्यालय,
- टोखा नगरपालिकाको कार्यालय,
- तार्केश्वर नगरपालिकाको कार्यालय,
- गोदावरी नगरपालिकाको कार्यालय,
- भक्तपुर नगरपालिकाको कार्यालय,
- सूर्यविनायक नगरपालिकाको कार्यालय,
- सम्बन्धित वडा कार्यालयहरू,
- महानगरीय प्रहरी प्रभागहरू ।

## ४. **घटनाको विवरण**

### क. **घटनाको पृष्ठभूमि**

काठमाडौं उपत्यका (ये, यल, ख्वपः र किपु:) नेवार समुदायको भूक्षेत्र हो । मल्लकालीन सभ्यताको लागि यो उपत्यका प्रख्यात छ । मल्लकालीन समयमा यहाँको वास्तुकलामा प्रभावित भएर तिब्बत सम्राटले वास्तुविद्लाई तिब्बत लगेका थिए । हाल पनि यी प्राचीन वास्तुकला उपत्यकामा देख्न सकिन्छ । यी वास्तुकलाका साथै यहाँका संस्कार-संस्कृति, प्रथा, परम्परा, प्रचलनले नेपालको पर्यटन प्रवर्द्धनमा टेवा दिँदै आएको छ । नेपाल एकीकरण गर्ने नाममा लामो समयसम्म एकल नीति अवलम्बन गरियो । साथै काठमाडौं उपत्यकालाई राजधानी बनाई केन्द्रीकृत राज्य प्रणाली अपनाई काठमाडौंबाट राज्य संचालन गर्न थालियो । यसैकारण नेपालका सबै भूभागबाट काठमाडौं उपत्यकामा मानिसहरू थुप्रन थाले ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

● प्रभावित समुदायमा परेको प्रभाव के के हुन् ?

क. जीविकोपार्जन

ख. समुदायको संस्कृति र परम्परा

ग. महिला, बालबालिका

घ. भूमि र स्रोतहरूको स्वामित्व

ङ. समुदायभित्रको सम्बन्ध

**६. प्रभावित**(हरू) **र/अथवा उनीहरूको परिवारले लिएको कदम**

कुन कदम चालेको हो ? ठीक चिन्ह लगाउनुहोस्।

☐ *प्रहरी जाहेरी (Police Blottering)*

☐ *जाहेरी दरखास्त*

- अदालतमा मुद्दा दायर
- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पत्र पठाएको ।
- सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्र र संस्थाहरूमा पत्राचार ।

**७. पीडितहरूको मागदाबी**

क) सडक विस्तारको विकल्प सोंचिनुपर्ने ।

ख) सडक विस्तारका क्रममा प्रभावितहरूको सहमति लिइनुपर्ने ।

ग) सडक विस्तारका क्रममा नेवारहरूको धार्मिक, साँस्कृति तथा पवित्र स्थलहरूको संरक्षण गरिनुपर्ने ।

**८. आदिवासी मानवअधिकार उल्लंघन भएका घटनासंग सम्वद्ध प्रमाणहरू**

● आदिवासी नेवाहरूको धार्मिक स्थलहरू नष्ट हुनु ।

**९. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू** (**यदि छन् भने**)

- कानूनी सहायता
- अभियान र वकालत
- भौतिक र आर्थिक सहयोग

१०. **सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाएका पत्रहरूको जवाफ ।
- अदालतका निर्णयहरू ।
- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरू ।
- संसदीय समितिको सुनुवाई (यदि सम्भव भए) ।
- मुद्दामाथि सरकारको राय (यो समाचारहरूबाट साभार गर्न सकिन्छ) ।

११. **मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू.**

सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूबाट प्राप्त प्रतिक्रियाहरू

१२. **सिफारिशहरू**

- मानवअधिकारवादी संघसंस्थाहरूले घटनाको निष्पक्ष अनुगमन गरिनुपर्ने ।

१३. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

सम्पर्क विवरण:

गोप्य: हो () होइन ()

# भूलभूले मध्यमर्स्याङ्दी १३२ के.भी. विद्युत प्रसारणलाईन परियोजना र मानवअधिकार हनन

## १. घटना विवरण

क. मानवअधिकार हननको प्रकार

- सामाजिक, धार्मिक तथा साँस्कृतिक अधिकार ।
- भूमिमाथिको अधिकार ।
- विकास र सहभागिताको अधिकार ।
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार (Free Prior-and Informed Consent) ।

ख. घटना भएको मिति र समय

- मितिः सन् २०७३

ग. घटना भएको स्थान

- जिल्लाः लमजुङ
- गाविसः भूलभूले, बाँखेत, हिलेटक्सर, चिती र अर्चलबोट
- नपाः बेँसीशहर, सुन्दरबजार

## २. पीडित(हरू)को विवरण

**क. पीडित(हरू)को नाम थर**

- जातीय/आदिवासी समुदाय : गुरुङ, घले, नेवार र अन्य ।[2]
- संस्थागत आवद्धताः प्रायः आ-आफ्ना जातीय संस्थाहरूमा आवद्ध रहेका छन् ।

[2] बाहुन, क्षेत्री ।

**पीडित समुदायको विवरण**

– समुदायमा कूल प्रभावितहरूको संख्या: ३७.४८ प्रतिशत गुरुङ, घले, ३२.४३ प्रतिशत बाहुन, २१.६२ प्रतिशत क्षेत्री र ८.११ प्रतिशत नेवार ।
– प्रभावित पुरुषहरूको संख्या: अन्दाजी ५० प्रतिशत ।
– प्रभावित महिलाहरूको संख्या: अन्दाजी ५० प्रतिशत ।

**आदिवासी नेताहरूको नाम**

– नाम: छैन
– समुदायका सदस्यहरूको मुख्य पेशा: कृषि, ज्याला मजदुरी आदि

**३. पीडकको विवरण**

– उर्जा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
– नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय, रत्नपार्क, काठमाडौं ।
– प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, लमजुङ ।

**४. घटनाको विवरण**

**क. घटनाको पृष्ठभूमि**

लमजुङ जिल्ला गुरुङ, घलेलगायत अन्य आसिदवासीहरूको पराम्परागत थातथलो हो । जहाँ भूलभूले मध्यमर्स्याङदी १३२ के.भी. विद्युत प्रसारणलाईन नामक आयोजना संचालनमा छ। यो आयोजनामा नेपाल सरकारको लगानीमा संचालनमा रहेको छ।[3] सोही जिल्लामा अवस्थित माथिल्लो मर्स्याङदी “ए” जलविद्युत आयोजना (५० मे. वा.) बाट उत्पादित विद्युतलाई केन्द्रीय प्रसारणलाईनमा जोड्ने छ। प्रसारणलाईन (कूल लम्बाई १९.७९

[3] नेपाल विद्युत प्राधिकरण, प्रसारणलाईन निर्देशनालय, ग्रीड विकास विभागबाट प्रभावितहरुलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि सर्वसाधारणलाई २०७३ भदौ ६ गते निकालिएको सूचना पत्र ।

कि.मि.)माथिल्लो मर्स्याङ्दी 'ए' आयोजनाको स्वीचयार्डबाट शुरु भएर हालको मध्यमर्स्याङ्गदीको स्वीचयार्डमा अन्त हुन्छ। सो प्रसारणलाईनमा ५४ वटा टावरहरू राखिने छन् भने प्रसारण मार्गको चौडाई १८ मि. (केन्द्रीय रेखादेखि दायाँ बायाँ ९/९ मि.) हुनेछ।[4]

यस आयोजनाको प्रारम्भीक वातावरण परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार यस परियोजनाबाट ५ वटा गाविस (भूलभूले, बाँखेत, हिलेटक्सर, चिती र अर्चलबोट) र २ वटा नगरपालिका (बेँसीशहर र सुन्दरबजार) लाई प्रभाव पार्दछ। यस आयोजनाबाट प्रभावित गाविस तथा नगरपालिकामा कूल ६१,३९६ जनसंख्या र कूल १६,३१६ घरधुरी छन्, जसले जिल्लाको जनसंख्याको ३६.६१ प्रतिशत र घरधुरीको ३८.७७ प्रतिशत भाग ओगट्छ। आयोजना प्रभावित क्षेत्रमा ३७.४८ प्रतिशत गुरुङ र घले, ३२.४३ प्रतिशत बाहुन, २१.६२ प्रतिशत क्षेत्री र ८.११ प्रतिशत नेवार रहेका छन्। परियोजनाले जम्मा २०.०३३ खेतीयोग्य जग्गा जमीन प्राप्त गर्नुपर्ने छ। जम्मा लिनुपर्ने जग्गा जमीनको ०.८३९ हेक्टर जग्गा जमीन टावर निर्माणको लागि स्थायी रुपमा लिनुपर्ने हुन्छ भने १९.१९४ हेक्टर (केन्द्रीय रेखादेखि दायाँ बायाँ ९/९ मि.) को लागि अस्थायी रुपमा प्राप्त गर्नुपर्ने छ। यसरी प्रयोग गरिने जग्गा जमीनको बजारको मूल्य ४१,८७,८५,९४८ अनुमान गरिएको छ। नेपाल विद्युत प्राधिकरणको अभ्यासको आधारमा अस्थायी रुपमा प्रयोग गरिने जग्गा जमीन मूल्यको १० प्रतिशतसम्म उपलब्ध गराउने छ भन्ने कुरा उल्लेख गरिएको छ।

तर प्रभावित समुदायका सदस्यहरूलाई सो परियोजनाको कुनै पनि चरणहरूमा सहभागी नगराई, परामर्श र मन्जुरी नलिई, परियोजनाबाट पर्नजाने नकारात्मक वातावरणीय प्रभावको बारेमा कुनै पनि जानकारी

---

[4] Initital Environmental Examination (IEE) Report, July 2015

नदिई संचालनमा ल्याइयो । नेपालको प्रचलित कानूनलगायत अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रत्याभूत गरेको अधिकारहरूलाई समेत उल्लंघन गरी परियोजना लागू गरियो[5] भन्दै प्रभावित समुदायहरू निरन्तर रुपमा आवाज उठाइरहेका छन् । बिना प्रक्रिया संचालन गरिएको यस आयोजनाले प्रभावितहरूलाई असुरक्षित बनाउनुको साथै धार्मिक तथा साँस्कृतिक स्थलहरू, विद्यालय, आर्यघाट, चरिचरन क्षेत्र, आवतजावत गर्ने मार्गसमेतलाई प्रभावित पारेको छ । नेपालको संविधानले प्रत्याभूत गरेको सम्पत्तिको अधिकार, स्वस्थ वातावरणमा बाँच्न पाउने हक तथा सुरक्षित जीवनको हक विपरीत यो प्रसारणलाईन निर्माण गरिएको अवस्थामा स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार, सहभागिताको ***(योजना निर्माणदेखि कार्यान्वियन तथा मूल्यांकनसम्म)*** अधिकारलाई[6] समेत उठान गर्दै प्रभावित समुदायहरूले निरन्तर रुपमा आफ्ना मागहरूलाई उठान गरिरहेका छन् । प्रभावित समुदायको मागहरू निम्न रहेका छन्:

- परियोजना सम्बन्धी सम्झौता, वातावरणीय अध्ययन, प्रसारणलाईनबाट सुरक्षित रहने सूचनालगायतका जानकारी तुरुन्त उपलब्ध गराउनुपर्ने ।
- मातृभाषमा सूचना दिनुपर्ने ।
- विद्युत प्रसारणलाईनबाट असर पर्ने व्यक्ति, परिवार, समुदायको जीउधनमा असर पर्दैन भन्ने लिखित प्रतिवद्धता/ग्यारेन्टी दिनुपर्ने ।
- जग्गा तथा सम्पत्तिको पर्याप्त (चलनचल्तीको मुल्य) र न्यायोचित मुआब्जाको लागि प्रभावितहरूको सहभागितामा तत्काल शतप्रतिशत उपलब्ध गराउनुपर्ने ।

---

[5] प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा पीडित संघर्ष समितिले बुझाएको ज्ञापन पत्र, २०७३ भदौ १३ ।

[6] प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा पीडित संघर्ष समितिले बुझाएको ध्यानाकर्षण पत्र, २०७३ भदौ २० ।

- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रत्याभूत गरेको अधिकारलाई लागू गरिनुपर्ने ।
- प्रसारणलाईन वरपरका जग्गा जमीनहरू अवमूल्यन हुने, बैंकलगायत कुनै पनि वित्तीय संस्थाहरूले धितोको रुपमा नलिने हुँदा सबै कित्ताहरूको पूर्ण मुआब्जा र क्षतिपूर्ति प्रभावितहरूको सहभागितमा निर्धारण गरी उपलब्ध गराउनुपर्ने ।
- प्रसारणलाईनले जीउधन, सम्पत्ति, जीविकोपार्जन, वातावरण, संस्कार संस्कृतिमा पर्ने क्षतिपूर्ति प्रभावित समुदायको अर्थपूर्ण सहभागितामा निर्धारण गरी तुरुन्त उपलब्ध गराउने ।
- अर्थपूर्ण परामर्श तथा छलफलबाट समस्याको समाधान गरेर मात्र परियोजनालाई संचालन गरिनुपर्ने । हाललाई परिस्थिति विग्रन नदिन पहल गर्नुपर्ने ।

**घटना घट्नुका सम्भावित कारणहरू**

- आदिवासी जनजातिको अधिकारलाई मानवअधिकारको रुपमा नस्वीकारिनु ।
- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ र आदिवासी अधिकार सम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ लाई व्यावहारिक रुपमा कार्यान्वयन गर्न नचाहनु ।
- परियोजनाले आदिवासी र स्थानीय समुदायहरूको अधिकार नजरअन्दाज गर्नु ।
- जग्गा प्राप्ती ऐन, २०३४लगायत अन्य वातावरण सम्बन्धी कानूनहरूको उल्लंघन हुनु ।

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- विद्युत ऐन तथा जग्गा प्राप्ती ऐन, अन्तर्राष्ट्रिय श्रम संगठनको

महासन्धि नं.१६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ मा भएका आदिवासीहरूको भूमिमाथिको अधिकार सम्बन्धी व्यवस्थालाई आत्मसात् गर्न नसक्नु ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- प्रभावित आदिवासी र स्थानीय समुदायहरू आफ्नो परम्परागत भूमिबाट विस्थापित हुनुपर्ने ।
- धर्म, संस्कृति लोप भई पहिचान जोखिममा पर्ने ।
- जीविकोपार्जनमा असर पर्ने ।
- शिक्षा तथा स्वास्थ्यमा असर पर्ने ।
- स्वच्छ वातावरणको अधिकारबाट वन्चित हुनुपर्ने ।

**६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- पीडितहरूले राष्ट्रिय मानवअधिकार आयोगलगायत अन्य प्रमुख सरोकारवाला निकायहरूलाई आफ्ना मागबारे निरन्तर ध्यानाकर्षण गराई न्यायिक निकायको निम्ति आग्रह गरिरहेका छन् ।
- पीडित समुदायहरूले निरन्तर विरोधका कार्यक्रमहरू संचालन गरिरहेका छन् ।
- आदिवासी अधिकारका अभियानहरू निरन्तर संचालन भइरहेका छन् ।

**७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायता: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ले मानवअधिकार हननको अनुगमन गरी पीडितहरूलाई निरन्तर कानूनी परामर्श उपलब्ध गराउँदै आएको छ । साथै सम्बन्धित सरोकारवाला निकायहरू समक्ष समस्याको न्यायोचित र शान्तिपूर्ण समाधानका लागि सुझाव दिँदै आएका छन् ।

- विकास र आदिवासी अधिकारका सम्बन्धमा लाहुर्निपले विभिन्न चेतनामूलक कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

**८. सरकारले चालेका कदमहरू**

- सरकारका तर्फबाट उर्जा मन्त्री, विद्युत प्राधिकरणलगायत स्थानीय प्रशासनले समुदायको माग सम्बोधन गर्न प्रतिवद्धता जाहेर गरेको ।
- आयोजना प्रमुखले नेपाल विद्युत प्राधिकरण, प्रसारण निर्देशनालय, ग्रीड विकास विभागलाई प्रभावितहरूको मागलाई सम्बोधनार्थ जानकारी पत्र पठाएको ।

**९. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- स्थानीय तहका संचार माध्यमहरू राजनीतिक प्रभावका कारण सकारात्मक देखिँदैनन् ।
- अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघसंस्थाहरू सकारात्मक रहेका छन् ।
- समुदायहरू सकारात्मक रहेका छन् ।

**१०. सिफारिशहरू**

- प्रभावित समुदायको मागलाई अविलम्ब सम्बोधन गरिनुपर्ने ।
- अधिकारमुखी विकासको सिद्धान्तलाई कार्यान्वयन गरिनुपर्ने ।
- विकासमा आदिवासी तथा स्थानीय समुदायहरूको सहभागिता, परामर्श, विकास र अधिकारलाई सुनिश्चित गरिनुपर्ने ।
- उचित कानूनी प्रक्रियाहरूलाई अवलम्बन गरेर मात्र आयोजनाहरू कार्यान्वयन गरिनुपर्ने ।
- व्यापार र मानवअधिकार सम्बन्धी निर्देशक सिद्धान्तलाई कार्यान्वयन गरिनुपर्ने ।

**११. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको

नाम: दुर्गामाणि राई (याम्फु)

पद: कार्यक्रम संयोजक

संस्था: नेपालका आदिवासीहरूको मानवअधिकार सम्वन्धी वकिल समूह (लाहुर्निप)

# पदमखोला विद्युत आयोजना र मानवअधिकार हनन

**१. घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- भूमिमाथिको अधिकार ।
- विकास र सहभागिताको अधिकार ।
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार (Free, Prior and Informed Consent-FPIC)

ख. घटना भएको मिति र समय

- मिति: वि.सं. २०७३

ग. घटना भएको स्थान

- जिल्ला: दैलेख
- गाविस: नौमुले र कालिका

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थर**

- जातीय/आदिवासी समुदाय: मगर
- संस्थागत आवद्धता: प्राय: आ-आफ्ना जातीय संस्थाहरूमा आवद्ध रहेका छन्

**पीडित समुदायको विवरण**

- समुदायमा कूल प्रभावितहरूको संख्या: अन्दाजी ३००
- प्रभावित पुरुषहरूको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाहरूको संख्या: अन्दाजी ५० प्रतिशत

**आदिवासी नेताहरूको नाम**

- नाम: छैन
- समुदायका सदस्यहरूको मुख्य पेशा: कृषि, ज्याला मजदुरी आदि

**३. पीडकको विवरण**

- दोल्ती पावर कम्पनी ।
- पदमखोला जलविद्युत आयोजना ।
- जिल्ला प्रशासन कार्यालय, दैलेख ।

**४. घटनाको विवरण**

**क. घटनाको पृष्ठभूमि**

दैलेख जिल्लाको नौमुले र कालिका गाविस मगर आदिवासी समुदायको ऐतिहासिक थातथलोको रुपमा चिनिन्छ । सो भूमिमा अवस्थित पदमखोलाबाट दोल्ती पावर कम्पनीले ४.८ मेगा वाट क्षमताको विद्युत आयोजना संचालनमा ल्याएको छ । सो आायोजनाबाट उत्पादित विद्युत करीब १६ कि.मि. लामो, ३३ के.भी. क्षमताको प्रसारणलाईनबाट नेपाल विद्युत प्राधिकरणको दैलेख बजारस्थित सबस्टेशनमा जोडिने छ ।[7]

प्रभावित कालिका र नौमुले गाविसको कूल जनसंख्या क्रमश २४६० र १७८० रहेको छ, जसमा कालिका गाविसमा (६५.६९ प्रतिशत ) र नौमुले गाविसमा (८५.७९ प्रतिशत) मगर आदिवासीहरूको संख्या रहेको छ ।[8] आयोजनाको प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार आयोजनाको संचालनबाट हुने सकारात्मक लाभहरूमा स्थानीय व्यक्ति तथा प्रभावित परिवारको लागि रोजगारी सिर्जना हुने, व्यापारमा वृद्धि,

---

[7] प्रारम्भीक वातावरणी परीक्षण प्रतिवेदन, कार्यकारी सारांश ।

[8] राष्ट्रिय जनगणना प्रतिवेदन, २०११ ।

प्राविधिक शीपको वृद्धि, स्थानीय क्षेत्रको विकासमा सहयोग पुग्ने तथा राजश्व प्राप्ति आदि उल्लेख गरिएको छ भने नकारात्मक प्रभावको रुपमा जमीनको भिरालोपनको अवस्था, भू-उपयोगको प्रकृति, जल विज्ञान र सेडिमेन्ट आदिमा आउने परिवर्तन, हावा, पानी र ध्वनी प्रदुषण, फोहर-मैला आदि पर्दछन् भनिएको छ ।

तर आयोजनाले प्रभावितहरूलाई कुनै सूचना नदिएको, परामर्श नगरेको, नकारात्मक वातावरणीय प्रभावको बारेमा जानकारी नदिएको, आयोजनाको कुनै पनि चरणमा प्रभावित आदिवासी तथा स्थानीय समुदायहरूलाई सहभागी नगराइएको कारण प्रभावितहरू आन्दोलित भए । यस परियोजनाको कारण सिचाईंको अभाव हुने, परम्परागत कुलोहरू सुकेर जाने, न्यायोचित मुआब्जा निर्धारण नगरिएको, परम्परागत पानी घट्टाहरू विस्थापन हुने, जीविकोपार्जनमा नकारात्मक प्रभाव पर्ने, वातावरणमा नकारात्मक प्रभाव पर्ने र सो आयोजनाबाट प्रभावितहरू लाभान्वित नहुने[9] भन्दै आफ्ना सामुदायिक सवालहरूलाई उठान गरेका छन् । निरन्तर विरोधका कारण आयोजना र पीडित संघर्ष समितिबीच २०७३ साल मंसीर २० गते औपचारिक बैठक भयो, जसको निष्कर्षहरू निम्न रहेका छन्:[10]

- आयोजना सम्बन्धी सम्पूर्ण सूचना प्रभावितहरूलाई उपलब्ध गराउने ।
- अधिग्रहण गरिने जग्गा जमीनको मूल्यांकन प्रभावितहरूको सहभागितामा गरी चलनचल्तीको मूल्यको आधारमा मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध गराउने ।
- सिचाईंमा पर्ने असरको बारे वैकल्पिक व्यवस्था आयोजनाले गर्ने ।

---

[9] पीडित संघर्ष समितिले २०७३ मंसीर १४ गते आयोजना तथा अन्य सरोकारवाला निकायहरूलाई बुझाएको विशेष ध्यानाकर्षण पत्र ।

[10] २०७३ साल मंसीर महिना २० गते पीडित संघर्ष समिति र आयोजनाबीचमा भएको बैठकमा भएका सहमतिको माईन्यूट ।

- जोखिममा परेको घर, बस्ती व्यवस्थापन आयोजनाले गर्ने ।
- प्रभावितहरूलाई रोजगारको अवसर प्रदान गरिने ।
- पानी घट्टाको मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध गराई कुटनी पिसनीको लागि वैकल्पिक व्यवस्था आयोजनाले गर्ने ।
- आयोजनाले १० प्रतिशत शेयर स्थानीयहरूलाई उपलब्ध गराउने ।
- नौमुलेदेखि टाढाका गाउँसम्म सडकको स्तरोन्नति आयोजनाले गर्ने ।

**घटना घट्नुका सम्भावित कारणहरू**

- आदिवासी जनजातिको अधिकारलाई मानवअधिकारको रुपमा नस्वीकारिनु ।
- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासी अधिकार सम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ लाई व्यावहारिक रुपमा कार्यान्वयन गर्न नचाहनु ।
- परियोजनाले आदिवासी र स्थानीय समुदायहरूको अधिकार नजरअन्दाज गर्नु ।
- जग्गा प्राप्ती ऐन, २०३४ लगायत अन्य वातावरण सम्बन्धी कानूनहरू उल्लंघन गरिनु ।

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- विद्युत ऐन तथा जग्गा प्राप्ति ऐन, वातावरण ऐनले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ मा भएका आदिवासीहरूको भूमिमाथिको अधिकार सम्बन्धी व्यवस्थालाई आत्मसात् गर्न नसक्नु ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- प्रभावित आदिवासी तथा स्थानीय समुदायहरू आफ्नो परम्परागत भूमिबाट विस्थापित हुनुपर्ने ।

- जीविकोपार्जनमा असर पर्ने ।
- शिक्षा तथा स्वास्थ्यमा असर पर्ने ।
- स्वच्छ वातावरणको अधिकारबाट वन्चित हुनुपर्ने ।

**६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- पीडितहरू संघर्ष समितिले आयोजना तथा अन्य सरोकारवाला निकायहरूको ध्यानकर्षण गराएको ।
- पीडित समुदायहरूले निरन्तर विरोधका कार्यक्रमहरू संचालन गरिरहेको ।
- आदिवासी अधिकारका चेतनामूलक कार्यक्रमहरू संचालन गरिएको ।

**७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायता: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले मानवअधिकार हननको अनुगमन गरी पीडितहरूलाई निरन्तर कानूनी परामर्श उपलब्ध गराउँदै आएको छ ।
- विकास र आदिवासी अधिकारका सम्बन्धमा लाहुर्निपले विभिन्न चेतनामूलक कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

**८. सरकारले चालेका कदमहरू**

- छैन

**९. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

**१०. सिफारिशहरू**

- प्रभावित समुदायको नि:शूल्क शेयर प्रदान गर्नुपर्ने ।
- व्यापार र मानवअधिकार सम्बन्धी निर्देशक सिद्धान्तहरूलाई कार्यान्वयन गरिनुपर्ने

- विकासमा आदिवासी र स्थानीय समुदायहरूको सहभागिता, परामर्श, विकास र सहभागिताको अधिकारलाई सुनिश्चित गरिनुपर्ने ।
- उचित कानूनी प्रक्रिया अवलम्बन गरेर मात्र आयोजनाहरू कार्यन्वयन गरिनुपर्ने ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको

नाम: दुर्गामणि राई (याम्फु)

पद: कार्यक्रम संयोजक

संस्था: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# पशुबधशाला गुलरीया, बर्दिया र मानवअधिकार हनन

## १. घटना विवरण

क. मानवअधिकार हननको प्रकार

- भूमिमाथिको अधिकार ।
- सहभागिताको अधिकार ।
- स्वतन्त्र, अग्रीम जानकारीसहित मन्जुरीको अधिकार (Free Prior and Informed Consent)।
- स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार ।

ख. घटना भएको मिति र समय

- मिति: २०७० साल बैशाख २७ गते

ग. घटना भएको स्थान

- जिल्ला: बर्दिया
- नपा: कोठीय गाउँ, गुलरीया नगरपालिका

## २. पीडित(हरू)को विवरण

**क. पीडित(हरू)को नाम थर**

- जातीय/आदिवासी समुदाय: थारु
- संस्थागत आवद्धता: प्राय: आ-आफ्नो जातीय संस्थाहरूमा आवद्ध रहेका छन् ।

**पीडित समुदायको विवरण**

- समुदायमा कूल प्रभावितहरूको संख्या: करीब ७०००
- प्रभावित पुरुषहरूको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाहरूको संख्या: अन्दाजी ५० प्रतिशत

**आदिवासी नेताहरूको नाम**

- नामः भूमे थारु, बडघर, परम्परागत संस्था/नेतृत्व
- समुदायका सदस्यहरूको मुख्य पेशाः कृषि, ज्याला मजदुरी आदि

**३. पीडकको विवरण**

- गुलरीया नगरपालिका, बर्दिया
- चाईना लङफुड् प्रा.लि
- जिल्ला प्रशासन कार्यालय, बर्दिया

**४. घटनाको विवरण**

**क. घटनाको पृष्ठभूमि**

थारु आदिवासीहरूको परम्परागत भूमि कोठीया गाउँ बर्दियामा २०७० सालदेखि विशाल पशुबधशाला संचालनमा छ । सो पशुबधशालामा प्रत्येक दिन ६० देखि १५० वटासम्म राँगाहरू काटिन्छन् र मासु विदेशमा निर्यात गरिन्छ ।[11] सो बधशाला चाईना लङफुड् प्रा.लि.ले गुलरिया नगरपालिकाको जग्गामा २० वर्षको लागि भाडामा लिई संचालनमा ल्याएको हो । सो पशुबधशालाको संचालक कम्पनीले प्रतिवर्ष रु.५,००,३००।- नगरपालिकालाई भाडा वापत रकम उपलब्ध गराउनुपर्ने छ। गुलरीया नगरपालिका र बधशाला संचालक कम्पनीबीचमा भएको सम्झौतापत्रमा उल्लेख भएबमोजिम पशुबधशालाबाट उत्सर्जन हुने पशुमल व्यवस्थापन, फोहोर मैलाको व्यवस्थापन कम्पनीले नै गर्नुपर्ने भनिएको छ। यसको साथै पशुबधशाला संचालन गर्नको लागि आवश्यक कानूनी प्रक्रिया पुऱ्याउनुपर्ने, वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने, नगरपालिका बासीहरूलाई सहुलियत मूल्यमा मासु उपलब्ध गराउनुपर्ने, बधशालााको वरिपरी वृक्षरोपण गर्नुपर्ने, वातावरण प्रदुषण नियन्त्रणलाई प्राथमिकता दिने जस्ता शर्तहरू सम्झौता पत्रमा उल्लेख छ ।

---

[11] Field monitoring report, LAHURNIP, Feb 2017.

तर प्रभावित समुदायलाई सूचना नदिई, सहभागी नगराई उनीहरूको परामर्श र सहमति बिना बधशाला संचालनमा ल्याइएको छ। प्रभावित समुदायको भनाईअनुसार बधशालाबाट निस्किएको रगतको खोला गाउँबस्तीतिर लगिएको, रगतको दुर्गन्धको कारण नराम्रो वातावरणीय प्रभाव परेको, खाना खानसम्म नसकिने अवस्था भएको, राँगाका हड्डी यत्रतत्र छरिएको, खेतीपाती गर्न पनि समस्या भएको, हरियो झिँगाका कारण गाउँवस्ती प्रदुषित भएको, बधशाला छेउमा रहेको प्राथमिक विद्यालयलाई (जहाँ ३०० जना विद्यार्थीहरू अध्ययनरत छन्) प्रत्यक्ष प्रभावमा परेको, बधशालाको कारण जग्गाको मूल्यमा प्रभाव परेको, बारम्वार प्रभावित समुदायको गुनासालाई सम्बन्धित निकायमा लैजाँदा पनि सुनुवाई नभएको र थारुहरूको परम्परागत संस्था बडघर विगत ७ वर्षदेखि नै सरकारी नीतिको कारण भूमिकाविहीन रहेको कारण पनि सुनुवाई हुन नसकेको भन्दै प्रभावित समुदायहरू बधशालाको विरोध गरिरहेका छन्।[12]

यसरी नेपालको प्रचलित कानूनलगायत अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासीहरूको मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रत्याभूत गरेको अधिकारहरूसमेत उल्लंघन गरी संचालनमा ल्याएको बधशालाले प्रभावितहरूको सम्पतिको हक, स्वच्छ वातावरणमा बाँच्न पाउने हक, सहभागिता र सूचनाको हक, स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरी (Free, Prior and Informed Consent) जस्ता अधिकारहरूलाई उल्लंघन गरी समुदायको उठीबास लगाउन खोजिएको भन्दै आफ्नो परम्परागत संस्था बडघरको नेतृत्वमा सो उद्योगको विरोधमा प्रभावितहरू संगठित भइरहेका छन्।

[12] गुलरीया नगरपालिका र कम्पनीबीच भएको संझौतापत्र, २०७० साल बैशाख २७ गते

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- औद्योगिक व्यवसाय ऐन, कम्पनी ऐन, वातावरण ऐनले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ मा भएका आदिवासीहरूको भूमिमाथिको अधिकार सम्बन्धी व्यवस्थालाई आत्मसात् गर्न नसक्नु ।
- अदिवासीका मानवअधिकारलाई मानवअधिकारको रुपमा नस्वीकार्नु ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- प्रभावित आदिवासी तथा स्थानीय समुदायहरू आफ्नो परम्परागत भूमिबाट विस्थापित हुनुपर्ने ।
- जीविकोपार्जनमा असर पर्ने ।
- शिक्षा तथा स्वास्थ्यमा असर पर्ने ।
- स्वच्छ वातावरणको अधिकारबाट वन्चित हुनुपर्ने ।

**६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- प्रभावितहरूले नगरपालिका तथा जिल्ला प्रशासन कार्यालयमा २०७१ सालमा नै उद्योगलाई खारेज गर्न माग गरेका, तर सुनुवाई नभएको ।
- थारुहरूको परम्परागत संस्था बडघर स्थापना गरी समुदायलाई संगठित गर्न शुरु गरिएको ।
- कम्पनी तथा नगरपालिकामा उद्योग सम्बन्धी आवश्यक कागजात तथा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवदेनहरू माग गरिएको ।

**७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायता: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) मानवअधिकार हननको अनुगमन गरी पीडितहरूलाई निरन्तर कानूनी परामर्श उपलब्ध गराउँदै आएको छ ।

- विकास र आदिवासी अधिकारका सम्बन्धमा लाहुर्निपले विभिन्न चेतनामूलक कार्यक्रमहरू संचालन गर्दै आएको छ ।
- आदिवासीहरूको मानवअधिकारको बारेमा चेतनामूलक कार्यक्रमहरू संचालन गरिएको छ ।

**८. सरकारले चालेका कदमहरू**

- हालसम्म सरकारबाट कुनै प्रतिक्रिया आएको छैन ।

**९. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- समुदायहरू आन्दोलनप्रति सकारात्मक छन् । समस्या समाधान हुनमा आशावादी छन् ।
- स्थानीय तहका नेता तथा नागरिक समाजका प्रतिनिधिहरू सकारात्मक छन् ।

**१०. सिफारिशहरू**

- प्रभावित समुदायको मागलाई अविलम्ब सम्बोधन गरिनुपर्ने ।
- आदिवासी तथा स्थानीय समुदायहरूको सहभागिता, परामर्श, विकास र सहभागिताको अधिकारलाई सुनिश्चित गरिनुपर्ने ।
- व्यापार र मानवअधिकार सम्बन्धी निर्देशक सिद्धान्तलाई कार्यान्वयन गरिनु पर्ने ।
- प्रदुषणलाई व्यवस्थापन गर्न नसकिने हुँदा बधशालालाई बन्द गरिनुपर्ने ।
- पीडित समुदायलाई क्षतिपूर्ति दिनुपर्ने ।

**११. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम:

नाम: दुर्गामणि राई (याम्फु)

पद: कार्यक्रम संयोजक

संस्था: नेपालका आदिवासीहरूको मानवअधिकार सम्वन्धी वकिल समूह (लाहुर्निप)

# धनकुटे रोडबाट आदिवासी र स्थानीय समुदायको मानवअधिकार हनन

**१. घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- आर्थिक
- सामाजिक
- साँस्कृतिक
- विस्थापन
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार (FPIC)

ख. घटना भएको मिति र समय

मितिः २०७३ साल, भाद्र

समयः

ग. घटना भएको स्थान

जिल्लाः सुनसरी

नपा/गाविसः धरान उपमहानगरपालिका

वडा नं.: ८, १९, १८, १७

टोलः धनकुटे रोड, किरातचौक, वीरेन्द्रचौक, बुद्धचौक, रत्नचौक, रेल्वे ।

**२. पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थरः**

**ख. संस्थागत आवद्धताः**

धनकुटे सहायक राजमार्गबाट विस्थापन हुने पीडित समुदायहरूको धनकुटे रोड संयुक्त संघर्ष समिति ।

*यदि समुदाय पीडित भएको भए निम्न विवरणहरू आवश्यक छन्:*

(क) समुदायको निश्चित क्षेत्र/स्थान : धरान उपनपा, सुनसरी

(ख) समुदायमा कूल प्रभावितहरूको संख्या : १५ सय घरपरिवारका करीब ७ हजार ।

(ग) प्रभावित पुरुषहरूको संख्या:४९%

(घ) प्रभावित महिलाहरूको संख्या: ५१%

(ङ) प्रभावित बालबालिकाहरूको संख्या:

(च) प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: राई, लिम्बू, तामाङ, मगर, गुरुङ, दलित, बाहुन, क्षेत्री आदि ।

(छ) संघर्ष समितिका पदाधिकारीको नाम:

- निनाचन्द्र राई, अध्यक्ष
- अबइन्द्र निरौला, (अधिवक्ता) सदस्य तथा कानूनी सल्लाहकार
- अकलबहादुर मेयाङ्बो, सल्लाहकार

(ज) समुदायका सदस्यहरूको मुख्य पेशा : विविध

**३. मानवअधिकार उल्लंघनकर्ताहरूको विवरण**

(क) मानवअधिकार उल्लंघनकर्ता(हरू)को नाम, पद:

- नाम, थर :

१) धरान उपमहानगरपालिका

२) सडक विभाग, डिभिजन कार्यालय, विराटनगर

३) सडक विभाग, केन्द्रीय कार्यालय, काठमाडौं

४) सहायक राजमार्ग योजना शाखा, गाईघाट

५) स्थानीय विकास तथा यातायात मन्त्रालय

(ख) कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख: सम्बन्धित निकायका प्रमुखहरू ।

(ग) मानवअधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण:

(घ) निजी कम्पनी:

(ङ) परियोजना: धनकुटे रोड विस्तार तथा सहायक राजमार्ग निर्माण योजना

(च) व्यापारिक निगम, वित्तीय संस्थाहरू:

(छ) अन्य:

## ४. घटनाको विवरण

### क. घटनाको पृष्ठभूमि

सुनसरी धरान उपमहानगरपालिका वडा नं. ८, १९, १७ र १८ लाई छोएर बनेको सडकलाई जनबोलीमा धनकुटे रोड भनिन्छ। यो सडक पहिले धरानबाट च्युरीबास हुँदै धनकुटा जाने मूलबाटो भएकोले जनबोलीमा यसलाई धनकुटे रोड भनिएको हो। तर यो अहिले धरान-१३ स्थित जिरो प्वाइण्ट हुँदै धनकुटा जाने धनकुटे रोड (सडक) भने होइन। धरान-८ को भोटेपूलबाट शुरु भई पश्चिमस्थित सर्दुखोलासम्म जोडिने यो धनकुटे सडकलाई बी.पी. कोइराला प्रतिष्ठान स्थापना भएपछि यसलाई बी.पी. प्रतिष्ठान रोड पनि भन्ने गरिएको छ। हाल यस सडकलाई सहायक राजमार्ग बनाई चतरा हुँदै सिन्धुलीको बी.पी. राजमार्गसँग जोड्ने योजना बनाइएको छ।

राज्यले विराटनगरदेखि धरान, धनकुटा, हिले, बसन्तपुर हुँदै पहाडी जिल्लाहरू जोड्ने रोडलाई बाइपास रोड अर्थात् भक्ति राजमार्ग घोषणा गरी त्यसको सहायक राजमार्गको रुपमा धरानको कुनै एक सडकलाई चयन गर्ने निर्णय गरेपछि हाल धरान उपमहानगरपालिकाले ४ लेनको सहायक राजमार्गको रुपमा ८ कि.मी. लम्बाईको यसै रोडलाई चयन गरेको छ, जसले यस रोडको पेरिफेरिमा रहेका वडा नं. ८, १९, १८ र १७ का १५ सय घरपरिवारका करीब ७ हजार व्यक्तिहरूको उठीबास हुने र उनीहरूको अरबौंको सम्पति विनाश हुने भएको छ।

सहायक राजमार्गको मापदण्ड अनुसार १४० फीटको सडक विस्तार गरिँदा यहाँका बासिन्दाहरूको पक्की घरहरूसहित जग्गा सबै सडकमा परी उठीबास हुने र अन्ततः सुकुम्वासीमा परिणत हुने स्थिति भएको छ।

**संघर्ष समिति गठन**

सहायक राजमार्गको निर्माण हुँदा आफूहरू उठीबास हुने भएपछि यस पेरिफेरिका जनताले आदिवासी र स्थानीय जनता विरोधी यस योजनालाई फिर्ता लिन दबाव दिने र आवश्यक संघर्ष परिचालन गर्ने उद्देश्य अनुसार साउन २२ गते सम्पन्न एकबृहत् भेलाले निनाचन्द्र राईको संयोजकत्वमा **धनकुटे रोड संयुक्त संघर्ष समिति** गठन गरी २३ सदस्यीय एक कार्यकारी समितिसमेत बनाइएको छ, जसमा धनकुटे रोड विस्तार तथा सहायक राजमार्ग निर्माणबाट प्रभावित सबै घरपरिवारका सदस्यहरूमध्ये एकजना साधारण सदस्यको रुपमा रहने व्यवस्था रहेको छ।

**सहायक राजमार्गको विकल्प**

प्रभावित आदिवासी समुदाय तथा संघर्ष समितिले धनकुटे रोडको विकल्पमा धरान, १९ स्थित चारकोशे झाडीउत्तर रहेको ब्रिटिश सरकारले घोपा क्याम्प अर्थात् गोर्खा भर्ती केन्द्रका लागि बनाइएको धरान, ८ तीनकुने ढाँटस्थित सिरिजंगा चौकदेखि क्याम्पको दक्षिण गेटसम्म छुने धरानकै पहिलो पीच सडक (हाल सिर्जना मार्ग) लाई विकल्पका रुपमा अगाडि सारेका छन्।

यो विकल्प दुई कारणले उपयुक्त रहेको छ। पहिलो हो, यो सडक पहिलेदेखि नै १२० फूट चौडाईको रहेको छ। दोस्रो हो-यहाँ थप जग्गा विस्तार गर्दा चारकोशे झाडीको केही जग्गा मात्रै समावेश गर्दा हुन्छ, जसले कसैलाई उठीबास लगाउँदैन। यस्तो सजिलो र कम खर्चिलो विकल्पलाई पन्छाएर आदिवासी तथा स्थानीय जनतालाई उठीबास लगाउने गरी धनकुटे रोडलाई

नै चयन गर्नु आदिवासी तथा जनविरोधी कार्य भएको प्रभावित समुदायको ठहर रहेको छ ।

**विरोध प्रदर्शन**

संघर्ष समितिका सदस्य अधिवक्ता अबइन्द्र निरौलाले अव्यावहारिक, अवैज्ञानिक (किनकी सहायक राजमार्ग अक्सर मानववस्तीबाट लगिँदैन) सडक विस्तार कार्यक्रम विरुद्ध भाद्र २० गते धरान बजारमा विशाल प्रदर्शन गर्दै धरान उपमहानगरपालिका घेराउ गर्नुका साथै योजना फिर्ता लैजान ज्ञापनपत्र बुझाएपछि हाल वैकल्पिक सोंच बनाउने जनाइएको छ ।

ख) त्यसपछि के भयो ?

- संघर्ष समितिले प्रधानमन्त्री, राष्ट्रपतिलगायत सबै दलका अध्यक्षहरूलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम सम्पन्न गरेको छ ।
- संघर्ष समितिबाट धरान उपमहानगरपालिका, सडक विभाग, डिभिजन कार्यालय, विराटनगर, केन्द्रीय सडक विभाग, सहायक राजमार्ग योजना शाखा, गाईघाट, स्थानीय विकास तथा यातायात मन्त्रालयमा सहायक राजमार्ग धरान-८ तीनकुने ढाँटस्थित सिरिजंगा चौकबाट शुरु भई धरान, १९ स्थित चारकोशे झाडीउत्तर रहेको क्याम्पको दक्षिण गेटसम्म छुने सडकलाई विकल्पको रुपमा छनौट गरी निर्माण कार्य गरिनुपर्ने निवेदन दिइएको छ ।
- हाल धरान उपमहानगरपालिकालगायत सबै निकायहरूले धनकुटे रोडको सट्टा क्याम्प रोडलाई नै बाइपासका लागि छनौट गर्ने आश्वासन दिएको र सोहीअनुसार केन्द्रीय सडक विभाग, सहायक राजमार्ग योजना शाखा, गाईघाटले कार्य अगाडि बढाएको अध्यक्ष राईले बताएका छन् ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- सडक विस्तार गर्दा अर्थात् सहायक राजमार्ग बनाउँदा जुन प्रकारको उठीबास वा विस्थापन हुनेछ । त्यसबाट आदिवासी समुदाय सबैभन्दा बढी प्रभावित हुनेछ । यस पेरिफेरिमा रहेका करीब १५ सय घरपरिवारहरूमा ९० प्रतिशत आदिवासी जनजातिहरू नै रहेका छन् । १५ सय घरपरिवारमा करीब ७ हजार जनसंख्या सुकुम्वासी नै हुने यो योजना मुख्य रुपमा आदिवासी विरोधी योजनाको रुपमा रहेको छ ।
- धरान उपमहानगरपालिकाले ४ लेनको सहायक राजमार्गको रुपमा ८ कि.मी. लम्बाईको धनकुटे रोडलाई चयन गरेपछि रोडको पेरिफेरिमा रहेका वडा नं. ८, १९, १८ र १७ का घर तथा अन्य भौतिक संरचनाहरू भत्काइँदा अरबौंको सम्पति विनाश हुने भएको छ ।
- आधाजति घरपरिवारहरू सबै जग्गा र भौतिक संरचना सहायक राजमार्गमा परी सुकुम्वासीमा परिणत हुनेछन् । विदेशमा दुःख गरेर कमाएको पैसाले बनाएको घर भवनहरू पूर्णतया भत्किनेछन् ।

**६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदमहरू कुन कदम चालेको हो ? ठीक चिन्ह लगाउनुहोस् ।**

☐ प्रहरी जाहेरी (Police Blottering)

☐ जाहेरी दरखास्त

- संघर्ष समितिले निम्न निकायहरूमा निवेदन तथा ज्ञापनपत्र दिएका छन्:

१) धरान उपमहानगरपालिका,

२) सडक विभाग, डिभिजन कार्यालय, विराटनगर,

३) सडक विभाग, केन्द्रीय कार्यालय, काठमाडौं,

४) सहायक राजमार्ग योजना शाखा, गाईघाट,

५) स्थानीय विकास तथा यातायात मन्त्रालय ।

### ७. पीडितहरूको मागदाबी

- सहायक राजमार्ग निर्माण अर्थात् सडक विस्तार कार्यक्रमलाई फिर्ता लिई अरु विकल्प खोज्नुपर्ने प्रभावित बासिन्दाहरूको माग रहेको छ। संयोजक निनाचन्द्र राईले संघर्ष समितिले कुनै पनि प्रकारको क्षतिपूर्तिलाई अस्वीकार गर्ने निर्णय गर्दै सहायक राजमार्ग बनाउनुपर्ने माग गरेको जानकारी दिएका छन्। उहाँका अनुसार अहिलेको चलेको जग्गाको मूल्यलाई दृष्टिगत गर्दा करीब १४ अर्ब क्षतिपूर्तिका लागि रकम विनियोजन गर्नुपर्ने देखिन्छ। उक्त जग्गामा बनेका पक्की घरहरूको मूल्यांकन गर्ने हो भने थप ६ अर्ब लाग्ने हुन्छ।

- राज्य वा स्थानीय निकायले यत्रो रकम कुनै पनि हालतमा दिन सक्ने होइन भन्ने उनीहरूको विश्वास रहेकोले क्षतिपूर्तिलाई अस्वीकार गर्दै विकल्पकै बाटो रोज्नुपर्ने एकसूत्रीय माग गरेका छन्।

- समितिका सल्लाहकार स्थानीय बुद्धिजीवी तथा व्यवसायी अकल बहादुर मेयाङ्बोले दिनुभएको जानकारी अनुसार यसअघि पनि यस्तै प्रकारका घटना धनकुटे रोडवासीहरूका लागि भएको थियो। २०५२-०५३ सालमा सोही धनकुटे रोडको विस्तार गर्दासमेत आदिवासी तथा स्थानीय जनताका घरघडेरी गएको थियो। त्यसबेला वी.पी.कोइराला स्वा.वि.प्रतिष्ठानका लागि भनेर रोड विस्तार कार्यक्रम ल्याइएको थियो। ७२ फूटको सो रोड विस्तार कार्यक्रम विरुद्ध प्रभावित जनता नेपाली कांग्रेसका हाल दिवंगत सांसद इन्द्रहाङ् लिम्बूको संयोजकत्वमा एक अनुसन्धान समिति बनी ६० फीट कायम गरिएको थियो। त्यसबेला पनि क्षतिपूर्ति दिने भनिएको थियो। तर उचित क्षतिपूर्ति दिइएन। त्यतिबेलाका पीडितहरूमध्ये ४ जनाले मात्रै रु.१५,०००।- का दरले क्षतिपूर्ति पाएका थिए।

**८. आदिवासी मानवअधिकार उल्लंघन भएका घटनासंग सम्बद्ध प्रमाणहरू**

**क) के यो घटनाका साक्षी छन् ? यदि छन् भने**

- साक्षीको नाम : छैन ।
- ठेगना : छैन ।
- सम्पर्क नं : छैन ।
- ईमेल : छैन ।

**ख) आदिवासी मानवअधिकार उल्लंघन भएका घटनाको जानकारी तथा उजुरीलाई सहयोग पुर्‍याउने कागजात वा दसी प्रमाण छन् कि छैनन् ? खुलाउनुहोस्**

- विरोध प्रदर्शनका फोटाहरू ।
- धरान उपमहानगरपालिकालगायत विभिन्न निकायमा दिइएका निवेदनहरू ।
- सम्बन्धित निकायहरूले गरेका निर्णयहरू ।
- जग्गाधनी पूर्जा तथा अन्य कागजातहरू ।

**९. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू (यदि छन् भने)**

- कानूनी सहायता:
  नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी सल्लाह तथा परामर्श उपलब्ध गराइरहेको छ ।
- अभियान र वकालत
  संघर्ष समिति तथा पीडितहरू अभियान तथा जनवकालत कार्यमा लागिरहेका छन् ।
- भौतिक र आर्थिक सहयोग
  छैन ।

**१०. सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

छैन ।

**११. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूबाट प्राप्त प्रतिक्रियाहरू छैन ।

**१२. सिफारिशहरू**

- धनकुटे रोड संयुक्त संघर्ष समितिमा रहेका पीडित जनसमुदायका अनुसार स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार (FPIC) पछि मात्र रोड विस्तार वा सहायक राजमार्ग बनाइयोस् ।
- अन्तर्राष्ट्रिय मान्यता र प्रक्रियाविपरीत मानववस्तीबीचबाट सहायक राजमार्ग नबनाइयोस् ।
- साथै आदिवासीहरूको मानवअधिकार संरक्षण सम्बन्धी कार्य गर्दै लाहुर्निपबाट अदालतमा मुद्दा हाल्न पीडित समुदायहरूलाई सहयोग गरियोस् ।
- सहायक राजमार्ग धरान, ८ तीनकुने ढाँटस्थित सिरिजंगा चौकबाट शुरु भई धरान, १९ स्थित चारकोशे झाडीउत्तर रहेको क्याम्पको दक्षिणगेटसम्म छुने क्याम्प रोडलाई नै विकल्पको रुपमा छनौट गरी निर्माण कार्य गरियोस् ।

**१३ . पीडित पक्षहरूले चाल्ने आगामी कदमहरू**

- आवश्यक परेमा सर्वोच्चमा रीट दायर गर्ने,
- पीडित पक्षहरूको हकहित र संरक्षणका लागि थप आन्दोलनका कार्यक्रमहरू तयार गर्ने,
- सम्बन्धित निकायहरूमा दबाव सिर्जना गरिरहने,
- राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय विराटनगरलाई आदिवासी मानवअधिकार संरक्षणका लागि उजूरी दिने ।

- सहायक राजमार्गको यथार्थ र त्यसले पार्ने प्रभावहरूका बारेमा अन्तरक्रिया कार्यक्रम गर्ने ।

**१४. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम : गोपाल देवान, नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) सम्वद्ध आदिवासी मानवअधिकार प्रतिरक्षक, क्षेत्रीय प्रमुख

पीडितसँगको सम्बन्ध गोप्य: हो ( ) होइन (✓)

# काबेली विद्युत प्रसारणलाईन परियोजनाबाट मानवअधिकार हनन

१. **घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- भूमिमाथिको अधिकार
- विस्थापन
- स्वतन्त्र, अग्रीम जानकारीसहित मन्जुरीको अधिकार (Free, Priot and Informed Consnet-FPIC)
- आर्थिक
- साँस्कृतिक
- धार्मिक

ख. घटना भएको मिति र समय

मिति: २०७३, आश्विन

ग. घटना भएको स्थान

जिल्ला: इलाम

नपा/गाविस: साविक सिद्धिथुम्का गाविस वडा नं. ३, ४ र ५ तथा साविक जीतपुर गाविस वडा नं. ९ हाल देउमाई न. पा. ७ र ९

२. **पीडित(हरू)को विवरण**

जातीय/आदिवासी समूह:

साविक सिद्धिथुम्का गाविस वडा नं. ३, ४ र ५ तथा साविक जीतपुर गाविस वडा नं.९ हाल देउमाई न. पा. ७ र ९ का तामाङ, लिम्बू, राई र मगर समूहका आदिवासीलगायत दलित, तथा बाहुन, क्षेत्री ।

*यदि समुदाय पीडित भएको भए निम्न विवरणहरू आवश्यक छन्:*

क. समुदायको निश्चित क्षेत्र/स्थान: साविक सिद्धिथुम्का गाविस वडा नं. ३, ४ र ५ तथा साविक जीतपुर गाविस वडा नं. ९ हाल देउमाई न. पा. ७ र ९

ख. समुदायमा कूल प्रभावितहरूको संख्या: ३,४५४

ग. प्रभावित पुरुषहरूको संख्या: १,७००

घ. प्रभावित महिलाहरूको संख्या: १,७५४[13]

ङ. प्रभावित बालबालिकाको संख्या: २,७८४[14]

च. प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: तामाङ, लिम्बू, राई, मगर दलित र बाहुन क्षेत्री ।

छ. आदिवासी जनजाति नेताहरूको नाम: प्रकाश तामाङ, सुशन बम्जन र अगमसिंह मगर

ज. समुदायका सदस्यहरूको मुख्य पेशा: कृषि, पशुपालन, ज्याला मजदुरी तथा वैदेशिक रोजगार

**३. मानवअधिकार उल्लंघनकर्ताहरूको विवरण**

क. काबेली करिडोर ट्रान्समिशनलाईन परियोजना,

ख. नेपाल पावर डेभलोपमेन्ट प्रोजेक्ट,

ग. नेपाल विद्युत प्राधिकरण ।

**४. घटनाको विवरण**

**क. घटनाको पृष्ठभूमि**

नेपाल विद्युत प्राधिकरणको काबेली पावर जेनेरेशन प्रोजेक्ट अन्तर्गत काबेली करिडोर १३२ के.भी. ट्रान्समिशनलाईन निर्माण गरिदैछ । ८३.७४ कि.मी. लामो यो प्रसारणलाईन तेह्रथुमको छातेढुङ्गा गाविसबाट शुरु भएर

---

[13] Social Impact Assessment, 2011, P.7.

[14] Social Impact Assessment, 2011, P.10.

पाँचथरका १० गाविस, इलामका १३ गाविस हुँदै र झापाको लखनपुर गाविससम्म २८७ वटा टावर रहने छ ।[15] यस प्रसारणलाईनको दायाँ बायाँ ९/९ मिटर(जम्मा १८ मिटर) राईट अफ वेको रुपमा रहने भनी उल्लेख गरिएको छ ।[16] यो प्रसारणलाईन विश्व बैंकको ऋण सहयोगमा नेपाल पावर डेभलोपमेन्ट प्रोजेक्टमार्फत लगानी गरिएको हो ।

सिद्धिथुम्का गाविस वडा नं. ३, ४ र ५ तथा जीतपुर गाविस वडा नं. ९ हाल देउमाई नपा वडा नं. ७ र ९ मा तामाङ, लिम्बू, राई, मगरलगायत दलित, तथा बाहुन क्षेत्री बसोवास गर्दछन् । कृषि, पशुपालन, दैनिक ज्याला मजदुरी तथा वैदेशिक रोजगार मुख्य पेशाको रुपमा अंगाल्दै जीविकोपार्जन गरिआएका छन् । काबेली करिडोर यसै सिद्धिथुम्का गाविसका वडा नं. ३, ४ र ५ भएर जाने गर्दछ ।[17]

२०७३, भाद्र अन्तिमतिर प्रसारणलाईन विस्तार गर्दै परियोजनाका कर्मचारीहरू सिद्धिथुम्का आइपुगेका थिए । सोही क्रममा मात्र सो प्रसारणलाईन उक्त क्षेत्र भएर जाने जानकारी स्थानीयले पाएका थिए । त्यसअघि कुनै पनि सूचना जानकारी नपाएको संघर्ष समितिका अध्यक्ष प्रकाश तामाङ बताउँदछन् । यसले के कस्तो असर गर्छ ? भन्ने कुरा पनि थाहा जानकारी नभएको र २०७३, असोज २० गते भएको सामुदायिक छलफलमा मात्र जानकारी भएको अगमसिं मगर बताउँछन् । तर सामाजिक प्रभाव मूल्यांकन तयार गर्दा सार्वजनिक सूचना, ब्रोसर वितरण, आरआरए, पिआरए, समूह

---

[15] Social Impact Assessemt,Kabeli Corriidor 132kV Transmission line project, P.4 -5.

[16] http://documents.worldbank.org/curated/en/ 843741468324842796/ Resettlement-action-plan

[17] Social Impact Assessemt Report, Kabeli Corridor 132 KV Transmission Line Project, P. 17.

छलफल, अन्तरवार्ताका विधिहरू प्रयोग गरिएको उल्लेख गरिएको छ ।[18] साथै सिद्धिथुम्काका आदिवासीमध्ये सिद्धिथुम्का गाविस ६, गोर्खेगाउँका १२ जना लिम्बूसँग २०६७ कात्तिक १३ गते सामाजिक प्रभाव मूल्यांकन तथा पुनर्वास कार्ययोजना निर्माण गर्दा छलफल गरिएको उल्लेख छ ।[19] सोही दिन सिद्धिथुम्का गाविस ४, खान्द्रुङ, पन्चमीमा ९ जना महिलासँग र सोही दिन सोही स्थानमा १४ जना दलित प्रतिनिधिहरूसँग पनि छलफल गरिएको कुरा उल्लेख गरिएको छ ।[20] यस प्रसारणलाईन निर्माण गर्ने क्रममा सिद्धिथुम्का गाविस अन्तर्गत बुद्धचौक काल्सिङका जीतराज तामाङ र खान्द्रुङ पन्चमीका डम्मर बहादुर गोलेलाई प्रभावित व्यक्तिको रुपमा उल्लेख गरिएको छ । साथै चुलीवन सरकारी जग्गा पर्ने उल्लेख गरिएको छ ।[21] प्रसारणलाईनको राईट अफ वेभित्रका कुनै पनि जग्गाको धनीलाई प्रभावित व्यक्तिको रुपमा लिइएको छैन । साथै यस सिद्धिथुम्का गाविसभित्र ११ वटा टावर बन्ने क्रम रहेको स्थानीय सुशन बम्जन बताउँदछन् ।

काबेली करिडोर प्रसारणलाईन संघर्ष समिति सिद्धिथुम्काका कोषाध्यक्ष लीलाबहादुर राईका अनुसार यस गाविसका करीब ५० घरधुरीका घर, जग्गा जमीन प्रत्यक्ष रुपमा यस प्रसारणलाईनको राईट अफ वेमा पर्ने बताउँदछन् । सो मध्ये ३४ घर धुरीको तथ्याङ्क समितिमा रहेको र सोहीलाई आधार बनाई संघर्ष गरिरहेका अध्यक्ष बताउँदछन् । कतिलाई आफ्नो जग्गा परेको पनि थाहा नभएको र काबेली कार्यालयले लिएको तथ्यांकमा

[18] Social Impact AssessemtReport, Kabeli Corridor 132 kV Transmission Line Project, P.13.

[19] Resettlement Action Plan (RAP), Kabeli Corridor 132 kV Transmission Line Project, P.28.

[20] Resettlement Action Plan (RAP), Kabeli Corridor 132 kV Transmission Line Project, P. 29.

[21] Resettlement Action Plan (RAP), Kabeli Corridor 132 kV Transmission Line Project, P.5.

पनि कतिपयको छुटेको कुरा सामुदायिक छलफलमा आएका सहभागीहरूले बताएका छन् । २०७३, असोज ३ गते बैठक बसी संघर्ष समितिको निर्माण गरिएको थियो । सोही बैठकमा जग्गाको चलनचल्तीको मूल्यांकनमा मुआब्जा तथा क्षतिपूर्तिको माग गरेका थिए । गाउँ विकास समितिको कार्यालय सिद्धिथुम्काले समेत गाविसका ३, ४ र ५ हुँदै गएको र सो क्षेत्रले बजार क्षेत्र, विद्यालय, चर्च, गुम्बालगायत व्यक्तिहरूको घर घडेरी पर्ने भएकोले आवश्यक सहयोग गर्नु भनी सूचीसहित जिल्ला प्रशासन कार्यालय, इलाम तथा काबेली करिडोर परियोजना, इलामलाई पत्र लेखेको छ ।[22] यस प्रसारणलाईनको राईट अफ वेमा प्रसारणलाईनबाट उत्पन्न हुने विद्युतीय तरङ्ग, विद्युतीय चुम्बक तथा भोल्टेजले पार्नसक्ने असरहरू, त्यसबाट आफू कसरी बच्ने सो को उपायहरूको बारेमा प्रशिक्षण दिइने उल्लेख गरेको छ ।[23]

ख) *त्यसपछि के भयो ?*

- मिति २०७३, असोज १४ गते शुक्रबारका दिन प्रभावित क्षेत्रका मानिस, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू बसी छलफल गर्ने, काबेली करिडोर परियोजनाबाट वातावरणीय अध्ययन प्रतिवेदनको एकप्रति माग गर्ने निर्णय गरिएको[24],
- मिति २०७३, कात्तिक २३ गते सिद्धिथुम्का गाविसका सर्वपक्षीय बैठक बसी यस गाविसमा प्रसारणलाईनको राईट अफ वेमा

---

[22] आवश्यक सहयोग गरिदिने सम्बन्धमा, गाउँ विकास समितिको कार्यालय सिद्धिथुम्काले जिल्ला प्रशासन कार्यालय र कावेली करिडोरलाई लेखेको पत्र

[23] Social Impact Assessemt, Kabeli Corriidor 132 kV Transmission line project, P. 26.

[24] २०७३ असोज १४ गते शुक्रबारका दिन गाविस सचिवको अध्यक्षतामा बसेको बैठकको निर्णय

जग्गाको मूल्यांकन तोकेको, साथै पालसेम डुब्लीङ्ग गोम्पो (धार्मिक-संस्था)लाई रु.५०,००,०००।- (अक्षरेपी पचास लाख) माग गर्ने, इमानुचर्चलाई पनि उचित क्षतिपूर्ति माग गर्ने, पोल नं.२७ सर्वेक्षणभन्दा तल सार्ने भएको हुँदा सर्वेक्षण गरिएको स्थानमा राख्न लगाउने निर्णय गरिएको[25],

- यस निर्णयलाई काबेली करिडोर तथा जिल्ला प्रशासन कार्यालयमा पठाइएको,
- मिति २०७३, चैत्र १५ गते काबेली करिडोर संघर्ष समिति सिद्धिथुम्काको बैठक बसी सर्वदलीय बैठकले तोकेको दरको आधारमा मुआब्जा तथा क्षतिपूर्ति माग गर्ने, धेरै घरधनीका जग्गा तथा घरहरू छुटेका कारण पुन:सर्भेक्षणको माग गर्ने[26],
- २०७३, चैत्र २२ गतेका दिन काबेली करिडोर संघर्ष समिति सिद्धिथुम्काको बैठक बसी छलफल गरेको,
- २०७४, बैशाख १६ गते जिल्ला प्रशासन र काबेली करिडोर बसी क्षतिपूर्ति स्वरुप १०% दरले दिने निर्णयलाई सच्याई शतप्रतिशत क्षतिपूर्ति माग गर्ने निर्णय गरिएको, देउमाई नगरपालिकाका सम्पूर्ण राजनैतिक दलहरूलाई यस विषयमा प्रत्यक्ष रुपमा सहयोग गरी दिनुहुन भनी माग गर्ने, जग्गा नापजाँच, ई आई ए तथा डिटेल सर्भे रिपोर्ट माग गर्ने, आदिवासी जनजाति महासंघ, इलामलाई सहयोग माग गर्ने निर्णय गरेको[27]।

## ५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव

- प्रभावित समुदायमा परेको प्रभाव के के हुन् ?

[25] २०७३, कात्तिक २३ गते मंगलबारका दिन गाविस सचिवको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकको निर्णय,

[26] २०७३, चैत्र १५ गते काबेली करिडोर संघर्ष समिति सिद्धिथुम्काको बैठकको माईन्यूट कपि

[27] २०७४, बैशाख १६ गते काबेली करिडोर संघर्ष समिति सिद्धिथुम्काको बैठकको माईन्यूट कपि

क. जीविकोपार्जन,

ख. स्वास्थ्यमा गम्भीर असर,

ग. समुदायको संस्कृति र परम्परा,

घ. महिला, बालबालिकामा प्रत्यक्ष असर,

ङ. भूमि र स्रोतमाथिको स्वामित्व ।

**६. प्रभावित**(हरू) **र/अथवा उनीहरूको परिवारले लिएको कदम कुन कदम चालेको हो ? ठीक चिन्ह लगाउनुहोस् ।**

- सिद्धिथुम्का गाविसमा निवेदन

**७. पीडितहरूको मागदाबी**

क) काबेली करिडोर प्रसारणलाईनको राईट अफ वेमा पर्ने जग्गाहरूको चलनचल्तीको आधारमा तोकिएको मुआब्जा तथा उचित क्षतिपूर्ति,

ख) पहिला सर्भे गरेको स्थानबाट नै लैजानु पर्ने, प्रसारणलाईनको बाटो फेर्नु नहुने,

ग) सामाजिक प्रभाव मूल्यांकन तथा वातावरण प्रभाव मूल्यांकनको प्रतिलिपीहरू उपलब्ध गराउनु पर्ने ।

**८. आदिवासी मानवअधिकार उल्लंघन भएका घटनासंग सम्वद्ध प्रमाणहरू**

क) सामाजिक प्रभाव मूल्यांकन तथा वातावरण प्रभाव मूल्यांकन,

ख) पत्रपत्रिकामा छापिएका लेखहरू ।

**९. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू** (**यदि छन् भने**)

- संघर्ष समितिको निर्माण,
- अभियान तथा जनवकालत,
- कानूनी सहायता,
- भौतिक र आर्थिक सहयोग ।

**१०. सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

- सिद्धिथुम्का गाविसले जिल्ला प्रशासन कार्यालय र काबेली प्रसारणलाईन, इलाम कार्यालयलाई सहयोग तथा स्थानीय समस्या व्यवस्थापन गर्ने सम्बन्धमा पत्र पठाएको,
- जिल्ला प्रशासन कार्यालय, इलामले परियोजनालाई वार्ताको लागि बोलाएको,
- प्रभावितहरूलाई क्षतिपूर्ति स्वरुप चलनचल्तीको १०% क्षतिपूर्तिको लागि निर्णय गरेको ।

**११. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- छैन

**१२. सिफारिशहरू**

- सरकारले कस्ता कारबाही(हरू) अघि बढाओस् भन्ने तपाईं चाहनु हुन्छ ? जस्तै *राष्ट्रिय मानवअधिकार आयोग, सरकार प्रमुख, प्रहरी/आर्मी प्रमुख आदि*

१. प्रभावितहरूको सहभागीता सुनिश्चित गरिनुपर्ने ।

२. प्रभावितहरूलाई अधिकारका सवालमा वकालतका लागि सहयोग गरिनु पर्ने ।

**१३. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नामः मनोज राई तथा कीरण सुनुवार नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# विराट पोल्ट्री प्रा.लि. र मानवअधिकार हनन

**१. घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार (Free, Prior and Informed Consent-FPIC),
- सहभागिताको अधिकार,
- स्वास्थ्यको अधिकार,
- स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार,
- धार्मिक तथा साँस्कृतिक अधिकार,
- मानवअधिकारको उल्लंघनमा उपचारको हक ।

**ख. घटना भएको मिति र समय**

- २०६९/०७/२६ मा पोल्ट्री फार्म दर्ता भएपछि

ग. घटना भएको स्थान

- जिल्ला: मोरङ
- गाविस: सोराभाग गा.वि.स. वडा नं. ९ बेतौना (हालको धनपालथान गाउँपालिका वडा नं. ३) र त्यस वरिपरीका गाउँहरू रंगेली, दर्वेसा, बबिया विर्ता
- वडा: ९
- टोल: बेतौना

**२. पीडित(हरू)को विवरण**

क. पीडित(हरू)को नाम थर

- जातीय/आदिवासी समूह: आदिवासी तथा स्थानीय समुदाय
- संस्थागत आवद्धता: आ-आफ्नो जातीय संस्थामा आवद्ध छन्

**पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान: सोराभाग गा.वि.स. वडा नं. ९ बेतौना (हालको धनपालथान गाउँपालिका वडा नं. ३) र त्यस वरिपरीका गाउँहरू रंगेली, दर्वेसा, बबिया विर्ता
- समुदायमा कूल प्रभावितहरूको संख्या: करीब ३०,०००[28]
- प्रभावित पुरुषहरूको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाहरूको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्या:
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू:
- जात: बाहुन, क्षेत्री
- जाति: राजवंशी, सन्थाल

**आदिवासी नेताहरूको नाम**

नाम: सामुहिक नेतृत्व

**समुदायका सदस्यहरूको मुख्य पेशा**: कृषि तथा पशुपालन, ज्याला मजदुरी ।

**३. पीडकको विवरण**

- विराट पोल्ट्री प्रा.लि. का सञ्चालकहरू

**४. घटनाको विवरण**

क. घटनाको पृष्ठभूमि

विराट पोल्ट्री प्रा.लि. वि.सं २०६८/१/२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको (दर्ता नं. ८२९३४/०६७/०६८) र २०६९/०७/२६ मा उद्योग विभागमा समेत दर्ता (दर्ता नं. १७३७/१४१/०६९/७०) भई मोरङ जिल्लाको सोराभाग गा.वि.स. वडा नं. ९, बेतौनामा (हालको

[28] गोरखापत्र दैनिक, २०७४ साल बैशाख १२ गते मंगलबार

धनपालथान गाउँपालिका वडा नं. ३) २२ बिघा क्षेत्रफलमा सञ्चालन हुँदै आएको छ । यस फार्ममा नेपाल प्रहरीका पूर्वएआईजीलगायत १७ जना 'हाई प्रोफाइल' भएकाहरूको लगानी रहेको छ ।[29] वार्षिक ३,८०,००० अण्डा उत्पादन क्षमता रहेको यस फार्मबाट उत्पन्न दुर्गन्ध र झिंगाको प्रकोपले वरिपरीको वातावरणमा प्रतिकूल असर पर्नगई स्थानीयवासीहरू विभिन्न रोगबाट संक्रमित हुन थालेका छन् । त्यसैगरी विभिन्न कीटनाशक औषधिको प्रयोगले वरिपरीको वातावरण झनै प्रदुषित भई मानिसलगायत, चौपाया, पशुपंक्षीको स्वास्थ्य तथा कृषि उपजमा असर पर्नका साथै जमीनको समेत अवमूल्यन भएको छ ।[30] । विभिन्न चाडपर्व, पूजाआजा, सांस्कृतिक पर्वहरूमा पाहुनाहरू आउन छाडेका र आइहाले पनि दुर्गन्ध र झिंगाको कारण खानेकुरा खान हिच्किच्याउने र नखाई जाने गरेका छन् ।[31]

प्रभावित बासिन्दाहरूले फार्म सञ्चालनमा आएदेखि नै शान्तिपूर्ण तवरले आवाज उठाई फार्मको उचित व्यवस्थापनको लागि अनुरोध गरे पनि सन्चालकहरूले बेवास्ता गर्दै सुनुवाई नगरेको अवस्था छ । २०७३ असार १४ मा उद्योगको विषयमा सूचना माग्न फार्ममा जाँदा प्रहरी लगाई कुटपीटसमेत गरेको र ९ जनालाई पक्राउ गरी थुनामा राखियो । विनोद गिरी र प्रवेश पाठकलाई सार्वजनिक मुद्दा समेत चलाइयो ।[32]

---

29 http://www.annapurnapost.com/news/69621

30 २०७३/१२/२८ बिराट पोल्ट्री फर्मको वातावरण प्रदुषण तथा झिंगा उन्मूलन संघर्ष समितिले प्रमुख जिल्ला अधिकारीलाई बुझाएको जानकारीपत्र ।

31 http://www.annapurnapost.com/news/69621

32 २०७४/१/२४ मा बिराट पोल्ट्री फर्मको वातावरण प्रदुषण तथा झिंगा उन्मूलन संघर्ष समितिले नेपाल सरकार, उद्योग विभाग, त्रिपुरेश्वरलाई बुझाएको पत्र ।

प्रभावितहरूले सम्बन्धित निकायहरूमा विभिन्न समयमा[33] समस्या समाधान गर्न निवेदन बुझाए । त्यसैगरी घरेलु तथा साना उद्योग कार्यालय, मोरङ र राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, मोरङमा ध्यानाकर्षण पत्र बुझाइएको आधारमा सरकारी अनुगमन टोली गठन गरी २०७३, भदौ २५ र २६ मा उक्त फार्मको अनुगमन भएको थियो । झिंगाको अत्यधिक प्रकोपले व्यक्तिको बाँच्न पाउने हक हनन भएको, फार्म सञ्चालकले स्थानीयवासीसँग वार्ता गर्न नचाहेको, फार्मले निरन्तर रुपमा क्षमता बढाइरहेकोले स्थिति अझै भयावह हुने र रोगको प्रकोप बढ्नसक्ने, फार्मले वातावरणीय परीक्षण प्रकृया पूरा नगरेको, मानववस्ती स्थानान्तरण गर्ने वा फार्म स्थानान्तरण गर्ने सो सम्बन्धमा राज्यले ठोस कदम चाल्नुपर्ने अन्यथा स्थानीयवासीहरू प्रतिकारमा उत्रने जस्ता गुनासाहरू प्रभावितहरूले अनुगमन टोलीलाई सुनाएका थिए ।[34] साथै अनुगमन टोलीले फार्मको अनुगमनपश्चात् निम्न निष्कर्ष तथा सुझाव दिएका थिए :

- प्रारम्भीक वातावरणीय परीक्षण गर्नुपर्ने,
- फार्मको पूँजी वृद्धि तथा क्षमता विस्तार भएको तर सो को लागि उद्योग विभागबाट अनुमति नलिएको हुँदा छिटो सो प्रकृया अगाडि बढाउनुपर्ने,
- पशुसेवा विभागबाट अनुमति नलिएको हुनाले अविलम्ब शुरुआत गर्नुपर्ने,
- पशुसेवा विभागबाट अण्डा बिक्रीको अनुमतिपत्र नलिएको हुँदा सो को लागि यथाशक्य छिटो प्रक्रृया अगाडि बढाउनुपर्ने,
- फार्मबाट निस्कने सुलीको व्यवस्थापनको लागि वैकल्पिक व्यवस्था गर्नुपर्ने ।

---

[33] २०७३/३/२१ मा उद्योग वाणिज्य कार्यालय, मोरङ, २०७३/३/२२ मा जिल्ला प्रशासन कार्यालय, मोरङ ।

[34] विराट पोल्ट्री फार्म, मोरङको अनुगमन प्रतिवेदन २०७३/५/२५ र २६ ।

यसरी यस फार्मले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रत्यभूत गरेका स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार, सहभागिताको अधिकार र व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको निर्देशक सिद्धान्तहरूलगायत प्रचलित राष्ट्रिय कानून तथा निर्देशनहरूलाई बेवास्ता गर्दै उक्त उद्योग ल्याइयो। त्यसकारण यस उद्योगको खारेजीको लागि प्रभावितहरूले चरणबद्ध आन्दोलन गरिरहेका छन्।

**घटना घट्नुका सम्भावित कारणहरू**

- प्रारम्भीक वातावरणीय परीक्षण नगरेको,
- प्रभावित समुदायहरूसँग परामर्श र सहमति नलिई फार्म सन्चालनमा ल्याएको,
- फार्म स्थापना गर्दाको कुनै पनि चरणमा आदिवासी तथा स्थानीय समुदायहरूलाई सहभागी नगराएको,
- फार्मको कारणले हुने नकारात्मक असरको बारेमा कुनै जानकारी नदिएको ।

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

## ५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव

- कृषि, पशुपालनमा असर पर्नु,
- प्रभावित समुदायहरू विभिन्न रोगबाट संक्रमित हुनु,
- जग्गााको अवमूल्यन हुनु,
- दुर्गन्ध र झिंगाको प्रकोपले धार्मिक तथा साँस्कृतिक क्रियाकलापमा बाधा पुगेको ।

**६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- प्रभावित समुदायले राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन,

अख्यितार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ, राष्ट्रिय मानवअधिकार आयोग, मोरङ, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, जिल्ला वातावरण शाखा, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला पशु स्वास्थ्य कार्यालय, मोरङ व्यापार संघ, उद्योग संगठन कार्यालय, मोरङमा जानकारी, ज्ञापनपत्र तथा निवेदन बुझाएको ।

– प्रभावित समुदायहरू संगठित भई संघर्ष समिति गठन गरी चरणबद्ध रुपमा आन्दोलन गरिरहेका छन् ।

**७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

– कानूनी सहायताः समुदाय तथा संघर्ष समितिका सदस्यहरूलाई नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी परामर्श प्रदान गरेको ।

– लाहुर्निपद्वारा मानवअधिकार शिक्षा संचालन गरिएको ।

**८. सरकारले चालेका कदमहरू**

– विराट पोल्ट्री फार्मको अनुगमन गरी निष्कर्ष तथा सुझाव पेश गरेको ।

**९. मुद्दामा कारवाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- प्रभावित समुदायहरू आन्दोलनको पक्षमा छन् ।
- स्थानीय निकायहरूका प्रतिनिधिहरू समुदायहरूको मागप्रति सकारात्मक छन् ।
- मानवअधिकारवादी संघसंस्थाहरू समुदायको मागप्रति सकारात्मक छन् ।

१०. **सिफारिशहरू**

- स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार (Free, Prior and Informed Consent-FPIC) सुनिश्चित हुनुपर्ने,
- परामर्श, सहभागिताको अधिकार सुनिश्चित हुनुपर्ने,
- उचित कानूनी प्रक्रिया पूरा गरेर मात्र उद्योग सन्चालन हुनुपर्ने,
- व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको निर्देशक सिद्धान्तको मर्म अनुरुप कार्य गर्नुपर्ने ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम

नाम: अमिता राई

पद: कार्यक्रम सहायक

संस्था: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

मिति: २०७४/०१/२६

जिल्ला: काठमाडौं

# पाँचथरमा आदिवासीको भूमिमाथिको अधिकार हनन

## १. घटना विवरण

क. मानवअधिकार हननको प्रकार :

- भूमिमाथिको अधिकार,
- सम्पत्तिमाथिको अधिकार,
- धार्मिक तथा साँस्कृतिक अधिकार,
- पहिचानको अधिकार,
- विकास र सहभागिताको अधिकार,
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार (Free, Prior and Informed Consent-FPIC),

ख. घटना भएको मिति र समय :

मितिः २०७३/०५/१२ गतेदेखि

ग. घटना भएको स्थान

जिल्लाः **पाँचथर**

गाविसः भारापा गाविस

## २. पीडित(हरू)को विवरण

क. पीडित(हरू)को नाम थरः

- जातीय/आदिवासी समूहः लिम्बू, शेर्पा, तामाङ, गुरुङ, बाहुन, क्षेत्री र दलित
- संस्थागत आवद्धताः

*यदि समुदाय पीडित भएको भए निम्न विवरणहरू आवश्यक छन्ः*

- समुदायको निश्चित क्षेत्र/स्थानः दबदबे खोल्सी, भारापा गा.वि.स. वडा नं. २, पाँचथर
- समुदायमा कूल प्रभावितहरूको संख्याः अन्दाजी ५,००

- प्रभावित पुरुषहरूको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाहरूको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्या:
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: लिम्बू, शेर्पा, तामाङ, गुरुङ, बाहुन, क्षेत्री र दलित

**आदिवासी नेताहरूको नाम**

नाम: कर्णश्याम लावती

समुदायका सदस्यहरूको मुख्य पेशा: कृषि र परम्परागत प्रणाली, वैदेशिक रोजगारी आदि ।

**३. मानवअधिकार उल्लंघनकर्ताहरूको विवरण**

— भैरवी दलको गण,
— जिल्ला प्रशासन कार्यालय, पाँचथर,
— जिल्ला नापी कार्यालय, पाँचथर ।

**४. घटनाको विवरण**

क. घटनाको पृष्ठभूमि

वि.सं. २०२३ सालसम्म पाँचथर जिल्ला भारापा गा.वि.स. वडा नं.२ स्थित जोरपोखरीको दबदबे खोल्सीमा रहेको जग्गा होमप्रसाद यवाको नाममा दर्ता रहेको थियो ।[35] वि.सं. २०३२ सालमा नापी आएपश्चात् निजका छोरा नातीले बाँडफाँड गरी आफ्नो भागमा आउने आफ्नो नाममा भोग चलन गर्दै आएको बताउँदछन् । साथै निगाले बस्ने जंगवीर यवा र अर्खौले बस्ने अरन्धोज यवाको छोरा नातीहरूले बाँडफाँड गरी आफ्नो नाममा भोग चलन

[35] सात नं. फाराम

गरी आएका छन् । नरेन्द्र यवाका अनुसार केही दाजु भाई सिक्किमतिर मुग्लान पसी जीविकोपार्जन गरी हिंडेकाले सो जग्गा निजहरूको लागि अंश सारी राखेको कर्णश्याम लावती बताउँदछन् । अंश सारेका जग्गामध्ये २०६६ पुष १० गतेका दिन मानप्रकाश सुहाङ (४३ वर्ष), धन प्रसाद सुहाङ (वर्ष ५७), होमप्रसाद यवा (वर्ष ८१) तथा होमप्रसाद यवा (वर्ष ४७)को रहोवरमा जोरपोखरी प्रहरी चौकीलाई अन्दाजी १५ रोपनी जग्गा दिएका थिए ।[36]

उक्त प्रहरीलाई दिएको जग्गामा हाल नेपाल आर्मीको सानो टुकडी बस्दै आएको छ । २०७३, भाद्र ११ र १२ गतेका दिन जिल्ला नापी शाखाको कर्मचारीसमेत ५०/६० जनाको समूह आई सो जग्गालाई नाप नक्शाङ्कन गरेको छ । ती कर्मचारीलाई सोधपुछ गर्दा सेनाको जग्गा नाप नक्शाङ्कन गर्न आएको भन्ने बुझिएको छ । यसरी नाप नक्शाङ्कन गर्दा व्यक्तिगत घर जग्गाहरू पनि पारेको छ ।[37] साथै २०७३/०५/१३ गतेका दिन सेनाहरू हेलिकप्टरबाट आई सो जग्गा हेरी फर्केका नरेन्द्र यवा बताउँदछन् ।

सेनाले उपभोग गर्दै आएको जग्गामा तालीम केन्द्र सञ्चालन गर्ने भन्ने सुन्नमा आएको छ । यसरी सेनाको तालीम केन्द्र बस्दा प्रत्यक्ष वा परोक्ष रुपमा स्थानीय महिला, किशोरी तथा बालबालिकाहरूलाई असर पर्दछ भनी भारापा गा.वि.स. वडा नं.६ बस्ने भूतपूर्व प्रधानपंच होमप्रसाद यवा बताउँदछन् । साथै यवाहरूको किपट जग्गा भएकोले सो जग्गालाई किर्ते गरी ४६० रोपनी भनी नापजाँच गरिएको छ, जसले आदिवासी र स्थानीय समुदायको  भूमिसँगको सम्बन्धका साथै आर्थिक सामाजिक अधिकारहरू हनन हुने अवस्था रहेको छ ।

---

36 मिति २०६६ साल पौष १० गतेको मानप्रकाश सुहाङ समेत रहेको लिखतपत्र

37 मिति २०७३ साल भाद्र १७ गतेको स्थानीय समुदायको बैठकको माइन्यूट

**घटना घट्नुका सम्भावित कारण के हो ?**

- नेपालको संविधानमा सम्पत्तिको हकमा सार्वजनिक हितका लागि व्यक्तिगत सम्पत्ति लिनसक्ने व्यवस्था भएकाले,
- जग्गा प्राप्ती ऐन, २०३४ ले आदिवासी जनजाति र भूमिको सम्बन्ध उल्लेख नगर्नु,
- अचल सम्पति ऐन, २०१३ आदिवासीमैत्री नहुनु,
- नेपाल सरकारले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ लाई कार्यान्वयन नगर्नु,
- आदिवासीको सामुहिक अधिकारलाई मानवअधिकारको रुपमा नस्वीकारिनु,
- प्रभावित समुदायका सदस्यहरूलाई आफ्नो सामुहिक अधिकार बारेमा स्पष्ट जानकारी नहुनु ।

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- धारा २५, सम्पत्तिको हक, नेपालको संविधान
- जग्गा प्राप्ती ऐन, २०३४
- अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- निजी सम्पत्तिको भोगाधिकारबाट वन्चित,
- परम्परागत भूमिमाथिको अधिकारबाट वन्चित हुनु,
- धार्मिक तथा साँस्कृतिक अधिकारबाट वन्चित हुनु,
- परम्परागत पेशा तथा जीविकोपार्जनबाट वन्चित हुनु,
- प्रभावित समुदायको विस्थापन र परास्परागत ज्ञान र शीपको लोप हुनु,
- आदिवासीहरूको पहिचानमा संकट पैदा हुनु ।

**६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- संघर्ष समिति निर्माण गरेको,
- मिति २०७३, भाद्र १७ गते बैठक बसेको,
- विभिन्न निकाय तथा राजनैतिक दलमा निवेदन बुझाएको,
- नेपाली सेनाको केन्द्रीय कार्यालयमा पनि निवेदन दर्ता गरेको,
- नेपाल आदिवासी जिल्ला महासंघ, पाँचथर; नेपाल पत्रका महासंघ, जिल्ला शाखा पाँचथर; जिल्ला मालपोत कार्यालय, पाँचथर; जिल्ला नापी शाखा, पाँचथर तथा विभिन्न राजनैतिक दलहरूलाई निवेदन दिएको ।

**७. पीडितहरूको मागदाबी**

क) सैनिकको तालीम केन्द्र अन्यत्रै सार्नुपर्ने,

ख) व्यक्तिको निजी जग्गा जमीनलाई जबर्जस्ती नहडप्ने,

ग) सर्वसाधरणको धनजनको रक्षा गर्नुपर्ने ।

**८. आदिवासी मानवअधिकार उल्लंघन भएका घटनासंग सम्वद्ध प्रमाणहरू**

क) सातनम्बरी फारामको फोटो कपि,

ख) मिति २०६६ साल पौष १० गतेको लिखत ।

**९. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू (यदि छन् भने)**

- कानूनी सहायताः समुदायले आदिवासी मानवअधिकार प्रतिरक्षकमार्फत नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी परामर्श प्रदान गरेको ।

**१०. सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

- प्रभावित समुदायहरूको मागप्रति सम्बन्धित निकायबाट कुनै सुनुवाई नभएको ।

**११. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

सो सम्बन्धमा के कसो भइरहेको छ, सो बारे चासो राखी राखेका छन् ।

**१२. सिफारिशहरू**

- प्रभावित समुदायका प्रतिनिधिहरूलाई संगठित पार्न सहयोग गर्नुपर्ने,
- कानूनी सहायता प्रदान गर्नुपर्ने ।

**१३. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

नाम: मनोज राई र विर्ख बहादुर वाइवा

संस्था: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# खड्गी समुदाय
# पहिचान र आत्मसम्मानका कानूनी लडाईं

**१. घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- साँस्कृतिक,
- आर्थिक,
- भाषिक,
- राजनीतिक,
- स्वतन्त्र, पूर्व सुसूचित जानकारी सहितको मन्जुरी (FPIC),
- पहिचानको अधिकार ।

ख. घटना भएको मिति र समय

मिति:

समय:

ग. घटना भएको स्थान

जिल्ला:

नपा/गाविस:

वडा:

टोल:

**२. पीडित(हरू)को विवरण**

क. पीडित(हरू)को नाम थर:

ख. लिंग: सबै

ग. उमेर: सबै

घ. पेशा: सबै

ङ. वैवाहिक अवस्था: विवाहित/अविवाहित

च. जातीय/आदिवासी समूह: खड्गी (नेवार)

अ. संस्थागत आवद्धता (यदि कुनै भए): नेपाल खड्गी सेवा समिति ।

*(नोट: पीडितको संख्या धेरै भए पीडितहरूको विवरण थप पानामा लेख्नुहोला)*

*यदि समुदाय पीडित भएको भए निम्न विवरणहरू आवश्यक छन्:*

क. समुदायको निश्चित क्षेत्र/स्थान: काठमाडौं, भक्तपुर, ललितपुरलगायतका जिल्ला,

ख. समुदायमा कूल प्रभावितहरूको संख्या: करीब ३०,०००

ग. प्रभावित पुरुषहरूको संख्या: ४९%

घ. प्रभावित महिलाहरूको संख्या: ५१%

ङ. प्रभावित बालबालिकाहरूको संख्या:........

च. प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: खड्गी

छ. आदिवासी जनजाति नेताहरूको नाम *(यदि परम्परागत अथवा प्रतिनिधिमूलक संस्थाको नेता हो भने प्रष्ट्याउनु होस् र कम्तीमा दुई जना नेताहरूको नाम उल्लेख गर्नुहोस्)*

ज. समुदायका सदस्यहरूको मुख्य पेशा:

**३. मानवअधिकार उल्लंघनकर्ताहरूको विवरण**

क.मानवअधिकार उल्लंघनकर्ता(हरू)को नाम, पद:

- नाम, थर:
- पद:
- ठेगाना:
- सम्पर्क नं.:
- ईमेल:
- फ्याक्स्:

ख. मानवअधिकार उल्लंघनकर्ता(हरू)को निकाय:

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार गृहमन्त्रालय, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
नेपाल सरकार पराराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
नेपाल सरकार शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार, काठमाडौ ।
नेपाल सरकार स्वास्थ्य मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
नेपाल सरकार कानून मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
नेपाल सरकार शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार ।
नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी काठमाडौ ।
परीक्षा नियन्त्रण कार्यालय, त्रिविवि, बल्खु, काठमाडौं ।
उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर ।
परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुर ।

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख:

घ. मानवअधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण:

**४. घटनाको विवरण**

क. घटनाको पृष्ठभूमि

**ख. वास्तविक घटनाको विवरण**

खड्गी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अन्तर्गत सूचीकृत ५९ आदिवासी जनजातिमध्ये नेवारभित्र पर्ने एक समुदाय हो । नेपाल खड्गी सेवा समिति उनीहरूको प्रतिनिधिमूलक संस्था हो । देशका विभिन्न भू-भागमा बसोवास गरिरहेका नाय:, सिंह, शाही तथा खड्गी समुदायलाई गोलवद्ध गरी उनीहरूको उत्थान गर्ने उद्देश्यले वि. स. २०२६ सालदेखि संगठित भई संस्था दर्ता ऐन, २०३४ बमोजिम काठमाडौं जिल्ला

प्रशासन कार्यालयमा २०५६ चैत्र ११ मा दर्ता भई यो संस्था संचालनमा रहेको छ ।

खड्गीहरू परम्परागत रुपमा फलफुल तथा माछामासुको व्यवसाय गरी आएका थिए । हाल विभिन्न पेशा व्यवसाय अपनाउदै आएका छन् । उनीहरूको व्यवसाय अहिले अन्य समुदायले पनि गरेको देखिन्छ । नेपालको इतिहासमा महिषपाल वंशी खड्गी जातिलाई नायः सिंह, शाहीसमेतले बुझाउने गरेको पाउदछौं । Daniel Wright को पुस्तक The History of Nepal मा On the 7th of Sravana Sudi, a Saturday, Nanya-deva Raja came from the south Karnataka country and entered Nepal. He brought with the Saka Sahkala era, and introduced it. Among the troops that were with him were Newaras, from a country called Nayera, who were Braha-putra Chhetris and Achars. He brought two devatas with him, named Maju and Swekhu and having defeated the Malla Rajas, he compelled them to flee to Tirhut. He established his court at Bhaktapur, and ruled over it as well as over Lalit-patan and Kantipur. Naya-deva reigned 50 years[38] भनी उल्लेख गरिएको छ । यसै पुस्तकलाई आधार मान्ने हो भने राजा नान्यदेवसंगै नायर प्रदेशबाट नायः जाति काठमाडौ उपत्यकामा भित्रिएको देखिन्छ । त्यस्तै बैशाख शुक्ल त्रयोदशीको दिन चांगुनारायणको जात्रा गर्दा विहान सखारै मनोहरा पारी कान्तिभैरव लिनको लागि नायः खि. बाजाको टोली बाजागाजासहित गई कुखुराको भाले भोग दिई देवता ल्याउने प्रचलन छ । उक्त जात्रामा एक बच्चालाई राजा नरेन्द्रदेव मानी सिन्दुर जात्रा गरी उक्त जात्रा सम्पन्न गर्ने गरिन्छ । राजा नरेन्द्र देव नायः जातिको सम्बन्ध यो जात्राबाट पनि देख्न सकिन्छ ।

---

38 Daniel Wright (1877) The History of Nepal, India: Asian Educational Services, P. 167.

भक्तपुरका नायः खड्गीहरूले जयस्थिति मल्लले आफैंलाई उत्तराधिकारी घोषित गरेको विषयलाई विरोध गरेका थिए। त्यसैले जयस्थिति मल्ल आफू राजा भएपछि बदलामा नायः खड्गीहरूलाई दमन गरे। पछि राणाकालमा जंगबहादुरले सत्ता चलाउनको लागि मुलुकी ऐन, १९१० निर्माण गरे, जसले जातीय विभेद्लाई प्रश्रय दियो, जसको प्रत्यक्ष असर नायः खड्गी समाजलाई पनि पऱ्यो । नायः खड्गीहरूलाई अपहेलित गर्नेगरी नायः  कसाई जातधारण गर्न बाध्य पारियो। Daniel Wright को पुस्तक The History of Nepal मा No sleeves were allowed to the coats of kasais. No caps, coats, shoes, nor gold ornaments, were permitted to podhyas. Kasais, Podhyas and Kullus, were not allowed to have houses roofed with tiles, and they were obliged to show proper respet to the people of castes higher than their own[39] भनी उल्लेख गरिएको छ।

यसरी पेशाको आधारमा जात नै छुट्टयाउने ऐतिहासिक विभेद् आजसम्म पनि रहेको छ। तर समयको परिवर्तनसँगै माछा मासु तथा फलफुलको व्यवसाय मात्र खड्गी समुदायले भन्दा अन्य जातिसमेतले गर्दै आइरहेका छन्। ती समुदायलाई राज्यले प्रदान गर्ने नागरिकतालगायतको सरकारी कागजातमा कसाई उल्लेख गर्ने गरिएको छ, जुन शब्द होच्याउने र उनीहरूको आत्मसम्मानमा ठेस पुऱ्याउने किसिमको रहेको छ। राज्यले मठमन्दिरमा बली दिने परम्परागत कार्यलाई संस्कृति धान्ने नाममा खड्गी समुदायलाई जिम्मेवारी दिइएको थियो। यस समुदायलाई फलफुल तथा माछा मासु बेचविखन कार्य पेशाको रुपमा राज्यले नै छुट्टयाएको थियो। कालान्तरमा बली दिने कार्य गर्ने नगर्ने र मासु बेचविखन गर्ने नगर्ने सबैलाई कसाईको रुपमा चिनिन थालियो। सोही अनुसार राज्यले प्रदान

[39] Daniel Wright (1877) The History of Nepal, India:  Asian Educational Services, P.182–183.

गर्ने नागरिकता, निर्वाचन परिचयपत्र, पासपोर्ट, जग्गाधनी लालपूर्जा, पेन्सन पट्टा, शैक्षिक प्रमाणपत्रलगायतका पहिचानजन्य कागजातमा कसाई थर लेखाइएको अवस्था रहेको छ ।

नेपाली बृहत् शब्दकोशमा कसाई शब्दको अर्थ मासु व्यवसाय गर्ने, निर्दयी, निष्ठुर, वधिक, घाती[40] उल्लेख गरिएको छ । त्यस्तै बधिकको अर्थ बध गर्ने, मार्ने[41], घातीको अर्थ घात वा प्रहार गर्ने, हान्ने, हत्या गर्ने, हत्यारो, नाश गर्ने, बिगार्ने[42], निर्दयीको अर्थ दया नभएको[43] र निष्ठुरको अर्थ कठोर हृदय भएको, उज्जन्ड, क्रुरता[44] भनी उल्लेख गरिएको छ। त्यस्तै कसाई शब्द नेपाली आगान्तुक अरबी शब्द[45] भनी उल्लेख गरिएको छ । यस शब्दले समग्र खड्गी जातिप्रति मनोवैज्ञानिक रुपमा ग्लानी, अपहेलित अनुभूति गर्ने खालको शब्दहरूको कारण करीब ३०,००० भन्दा बढी खड्गी समुदायलाई निरन्तर रुपमा नकारात्मक मानसिक, सामाजिक तथा आर्थिक एवं वैयक्तिक विकासमा समेत प्रभाव पारिरहेको अवस्था रहेको छ, जुन पेशागतभन्दा पनि जातिगत पहिचान तथा थरको रुपमा स्थापित गराइएको अवस्था छ ।

---

[40] नेपाल प्रज्ञा-प्रतिष्ठानका () नेपाली बृहत् शब्दकोश, काठमाडौं नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.२०४ ।
[41] ऐ ऐ, पृ. ११२९ ।
[42] ऐ ऐ, पृ. ३५४ ।
[43] ऐ ऐ, पृ. ६९६ ।
[44] ऐ ऐ, पृ. ७०१ ।
[45] ऐ ऐ, पृ. २०४ ।

नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक[46] को व्यवस्था गरेको छ । त्यस्तै सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछ, कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित गरिने छैन[47] भन्ने व्यवस्था भए पनि खड्गी समुदायका मानिसहरूलाई अपमान, अपहेलित एवं सधैं हेपिएर बाँच्नु पर्नेगरी राज्यबाट प्रदान गरिने गृह मन्त्रालय अन्तर्गत विभिन्न जिल्ला प्रशासन कार्यालयबाट वितरण हुने नागरिकता, परराष्ट्र मन्त्रालय अन्तर्गत पासपोर्ट, विभाग तथा विभिन्न जिल्लाले वितरण गर्ने पासपोर्ट, भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत मालपोत कार्यालयले वितरण गर्ने जग्गाधनी/लालपूर्जा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत यातायात व्यवस्था विभागले सवारीचालक परिचयपत्र, निर्वाचन परिचयपत्र शिक्षा मन्त्रालय अन्तर्गत परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, परीक्षा नियन्त्रण कार्यालय, त्रिविवि, बल्खुलगायतले दिने शैक्षिक प्रमाणपत्रलगायतको विभिन्न सरकारी कागजातहरूमा समेत कसाई, कसाही, साई, शाही भनी अपहेलित, अपमानजनक, बाध्यतापूर्वक जाति एवं थरको रुपमा ग्रहण गर्नु परेको अवस्था रहेको छ ।

यहीं विषयलाई लिएर नेपाल खड्गी सेवा समितिले विभिन्न समयमा प्रधान मन्त्री, शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमी भक्तपुर, गृह मन्त्रालय, मुख्य सचिव, मानवअधिकार आयोगलाई अपहेलित थर आफ्नो नागरिकताका साथै विभिन्न सरकारी कागजातबाट हटाउनको लागि माग राखी आएका थिए । त्यस्तै राष्ट्रिय मानवअधिकार आयोगले "पेशा र जातको आधारमा व्यक्तिलाई होच्याउने परिपाटीको यथाशक्य

---

46 नेपालको संविधान, २०७, धारा १६ ।

47 नेपालको संविधान, २०७२, धारा १८ ।

छिट्टो अन्त्य हुनुपर्ने"[48] भन्ने प्रेसनोट प्रकाशित गरेको थियो । सो नोटमा "व्यक्तिले आफ्नो इच्छा अनुसार थर परिवर्तन गर्न पाउनुपर्छ । यसका लागि कानूनी व्यवस्था हुन आवश्यक छ ।" त्यस्तै आयोगले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई आवश्यक कारवाही सम्बन्धमा पत्राचार गरेको थियो ।[49] तथापि खड्गी समुदायका मानिसहरूले आफ्नो नागरिकतामा बुवाको भन्दा फरक थर राख्न र हिनताबोध हुने थर फेर्न सहजसमेत नभएको अवस्था विद्यमान छ । शैक्षिक प्रमाणपत्र सच्याई माग्नेले आफ्नो नाम, जात र उमेर उल्लेख भएको प्रमाणपत्र पाएका मितिले ६ महिनाभित्र उक्त कुरा सच्याई पाउनको लागि दरखास्त दिनुपर्छ भनी उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७ को नियम (६) मा व्यवस्था गरेको छ ।

नेपालको संविधानको प्रस्तावनामा सबै प्रकारको जातीय छुवाछूतको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको तथा नेपाल सरकारले अनुमोदन गरेको विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी दस्तावेजका साथै आदिवासी जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि न. १६९[50] ले स्वपहिचानको अधिकार तथा आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ लगायतको दस्तावेज अनुसार कोही कसैलाई पनि राज्यको तर्फबाट आत्मसम्मानमा ठेस हुने खालको शब्दहरूको प्रयोग सकेसम्म न्यूनीकरण गर्नुपर्दछ । कसैको पनि आत्मसम्मानमा आँच आउने शब्दहरूको कारण मानसिक तथा सामाजिक प्रतिष्ठा एवं वैयक्तिक विकाससमेतमा नकारात्मक असर पर्ने भएकोले कसाई शब्दको अर्थले सम्पूर्ण खड्गी जाति समुदायमा नै अपूरणीय क्षति निरन्तर भइरहेको छ ।

---

[48] राष्ट्रिय मानवअधिकार आयोगले २०७१ कात्तिक १७ जारी गरेको प्रेस विज्ञप्ति ।

[49] राष्ट्रिय मानवअधिकार आयोगले २०७१ पुष २८ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई आवश्यक कारवाही सम्बन्धमा च.नं. ६७६ मार्फत गरेको पत्राचार ।

[50] आदिवासी जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि न. १६९, धारा।

तत्कालीन मन्त्रीपरिषद्ले २०५४ सालमा थर सच्याउने सन्दर्भमा भएको निर्णय "समाजमा अझै रहेको जातिगत संकीर्णताले गर्दा जातीय आधारमा आफूलाई हिनतावोध गर्ने व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकताको प्रमाणपत्र माग गर्ने गरेको हुनाले त्यस्तो व्यक्तिहरूको सम्बन्धमा छानवीन गरी व्यहोरा मनासिव देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गर्ने साथै विदेशमा रोजगारी गर्न गएका व्यक्तिहरूको थर फरक पारी रोजगारीको निमित्त गरेको भए तथा स्वदेशमा नोकरी गरी पेन्सनपट्टाको सुविधा उपभोग गर्नका लागि त्यस्ता व्यक्तिको नागरिकता प्रमाणपत्र सच्याउने"[51] भनी सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको थियो। सोही परिपत्रलाई गृहमन्त्रालयले प्रकाशित गरेको थियो।[52] त्यस्तै "नागरिकतामा थर सच्याउने सम्बन्धमा" भनी सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गरिएको थियो।[53] सो परिपत्रमा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद् ६(क) उल्लेख गरी हिनताबोध हुने थरहरू संशोधन गर्न चाहनेहरूको सच्याउनु भनी उल्लेख गरिएको भए तापनि जिल्ला प्रशासन कार्यालयमा नागरिकतामा रहेको अपमानजनक थर सच्याउन मन्त्रीपरिषद्को निर्णय चाहिने भनी सच्याउन कठिनाई भइरहेको र सोलगायत अन्य कागजातहरूमा रहेको अपमानजनक शब्द रहिरहने हुँदा अन्यायमा परी कसाईको सट्टामा नायः, सिंह, शाही तथा खड्गी राखी पाउँ भनी सर्वोच्चमा रीट निवेदन दिइएको थियो। सो रीटमाथि विभिन्न मितिमा सुनुवाई भइरहेको छ।

---

[51] श्री ५ को सरकारको मन्त्री परिषद्ले २०५२ साउन ४ मा गरेका थर सच्याउने सम्बन्धी निर्णय।

[52] "नयाँ थर कायमबारे गृह मन्त्रालयको सूचना" २०६० भदौ ३१, चं.नं. ९१ ०६०/०६१।

[53] गृहमन्त्रालयको २०६३ साउन २२ को "नागरिकतामा थर सच्याउने सम्बन्धमा" जिल्ला प्रशासन कार्यालयहरूलाई गरिएको परिपत्र, च.नं. ५३/०६३/०६४।

**५.घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- प्रभावित समुदायमा परेको प्रभाव के के हुन्:
  क जीविकोपार्जन,
  ख. समुदायको संस्कृति र परम्परा,
  ग. महिला, बालबालिका,
  घ. भूमि र स्रोतहरूको स्वामित्व,
  ङ. समुदायभित्रको सम्बन्ध,
  च. अन्य ।

**६. प्रभावित**(हरू) **र/अथवा उनीहरूको परिवारले लिएको कदम**

कुन कदम चालेको हो ? ठीक चिन्ह लगाउनुहोस् ।

☐ *प्रहरी जाहेरी (Police Blottering)*

☐ *जाहेरी दरखास्त*

- अदालतमा मुद्दा दायर
- सर्वोच्च अदालतमा पेश गरिएको रीट निवेदन ।

- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पत्र पठाएको

○ २०७१ कात्तिक १७ मा राष्ट्रिय मानवअधिकार आयोगमा पेश गरिएको ज्ञापनपत्र ।

○ २०७१ बैशाख २८ मा शिक्षा मन्त्रालयमा पेश गरिएको ज्ञापनपत्र ।

○ २०७१ बैशाख ७ मा मुख्यसचिवलाई पेश गरिएको ज्ञापनपत्र ।

○ २०७० असोज ९ मा शिक्षा सचिवलाई बुझाएको ज्ञापनपत्र ।

○ २०६९ मंसिर २९ मा उपप्रधान तथा गृहमन्त्रीलाई बुझाएको ज्ञापनपत्र ।

○ २०६९ साउन २० मा शिक्षा मन्त्रलयमा बुझाएको ज्ञापनपत्र ।

○ २०६८ साउन १७ मा परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा पेश गरिएको ज्ञापनपत्र ।

○ २०६८ असार २० मा शिक्षा मन्त्रालयमा पेश गरिएको ज्ञापनपत्र ।

- सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्र र संस्थाहरूमा पत्राचार नगरिएको ।
- अन्य निकाय
  छैन ।

**७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू (यदि छन् भने)**

- कानूनी सहायता:
  नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी सहयता प्रदान गरिरहेको छ ।
- अभियान र वकालत
  समुदाय आफैं ।
- भौतिक र आर्थिक सहयोग
  समुदाय आफैं ।

**८. सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाएका पत्रहरूको जवाफ,
  - २०७१, पुष २८ मा राष्ट्रिय मानवअधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई लेखेको पत्र,
  - २०७१, कात्तिक १७ मा राष्ट्रिय मानवअधिकार आयोगले जारी गरेको प्रेस विज्ञप्ति,
  - २०६३, साउन २२ मा गृहमन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई गरेको परिपत्र,
  - २०६३, भदौ १८ मा नेपाल खड्गी सेवा समितिलाई लेखेको जानकारीपत्र,
  - २०६०, भदौ ११ को गृहमन्त्रालयको सार्वजनिक सूचना ।
- अदालतका निर्णयहरू :

सर्वोच्च अदालतमा मुद्दा चलिरहेको छ,

- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरू : मुद्दाका विपक्षीहरूले लिखित जवाफ पेश गरेका छन्,
- संसदीय समितिको सुनुवाई, यदि सम्भव भए
  छैन ।
- मुद्दामाथि सरकारको राय (यो समाचारहरूबाट साभार गर्न सकिन्छ) मुद्दा खारेजीका लागि विपक्षीहरूले लिखित जवाफ पेश गरेका छन् ।

**८. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूबाट प्राप्त प्रतिक्रियाहरू

छैन ।

**९. सिफारिशहरू**

- सरकारले खड्गीहरूको माग बमोजिम नागरिकता, पासपोर्ट तथा शैक्षिक प्रमाणपत्र र अन्य दस्तावेजहरू पहिचानको आधारमा उपलब्ध गराउनुपर्ने,
- पहिल्यै बनेका माथि उल्लिखित दस्तावेजहरू सच्याउनका लागि तत्काल व्यवस्था गर्नुपर्ने,

**१०. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।

सम्पर्क विवरण: अनामनगर, काठमाडौं ।

पीडितसँगको सम्बन्ध

गोप्य: हो ( ) होइन (✓)

# आदिवासीहरूको भूमिमा उनीहरूको सहमति बिना चुनढुंगा उत्खनन परियोजना संचालन

**१. घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- साँस्कृतिक,
- धार्मिक,
- आर्थिक,
- भूमिमाथिको अधिकार,
- विस्थापन,
- स्वतन्त्र, पूर्व जानकारीसहितको मन्जुरी (FPIC)।

ख. घटना भएको मिति र समय

मिति: सन् २०११

समय:

ग. घटना भएको स्थान

जिल्ला: पाल्पा

नपा/गाविस: ज्यामिरे गाविस

वडा: २, ३, ४, ७ र ८

टोल: भुकुटे, पोखरीछाप, ज्यामिरे, माथिल्लो टोल वा सिन्धुरे टोल, र तल्लो टोल वा अधमरा

**२. पीडित(हरू) को विवरण**

क. पीडित(हरू) को नाम थर:

ख. लिंग: सबै

ग. उमेर: सबै

घ. पेशा: कृषि

ङ. वैवाहिक अवस्था: विवाहित/अविवाहित

च. जातीय/आदिवासी समूह: मगर र दलित।

अ. संस्थागत आवद्धता (यदि कुनै भए): नेपाल मगर संघ।

*(नोट: पीडितको संख्या धेरै भए पीडितहरूको विवरण थप पानामा लेख्नुहोला)*

*यदि समुदाय पीडित भएको भए निम्न विवरणहरू आवश्यक छन्:*

- क. समुदायको निश्चित क्षेत्र/स्थान: ज्यामिरे गाविस
- ख. समुदायमा कूल प्रभावितहरूको संख्या: करीब ६०० घरधुरी।
- ग. प्रभावित पुरुषहरूको संख्या: ४७%
- घ. प्रभावित महिलाहरूको संख्या: ५३%
- ङ. प्रभावित बालबालिकाहरूको संख्या
- च. प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: मगर, दलित।
- छ. आदिवासी जनजाति नेताहरूको नाम *(यदि परम्परागत अथवा प्रतिनिधिमूलक संस्थाको नेता हो भने प्रष्ट्याउनु होस् र कम्तीमा दुईजना नेताहरूको नाम उल्लेख गर्नुहोस्)*
- ज. समुदायका सदस्यहरूको मुख्य पेशा: कृषि, व्यापार।

## ३. मानवअधिकार उल्लंघनकर्ताहरूको विवरण

- क. मानवअधिकार उल्लंघनकर्ता(हरू)को नाम, पद:
- ख. मानवअधिकार उल्लंघनकर्ता(हरू)को निकाय: होङशी शिवम सिमेन्ट प्राइभेट लिमिटेड कम्पनी,
- ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख:
- घ. मानवअधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण:

## ४. घटनाको विवरण

क. घटनाको पृष्ठभूमि

- होङशी शिवम सिमेन्ट प्रा. लि. कम्पनीले सन ....मा नवलपरासीको बेनीमणिपुरमा सिमेन्ट उत्पादनका लागि....बाट अनुमति लिएको छ । सो कम्पनी चीन-नेपाल संयुक्त लगानीमा संचलन गरिने छ । "परियोजनाले पाल्पाको ज्यामिरेबाट चुनढुंगा उत्खननका लागि खानी तथा भूगर्भ विभागबाट अनुमति लिएको छ । सो परियोजनाको प्रमुख लगानीकर्ता होङशी समूहले ३३० मिलियन डलर लगानी गरेको छ भने स्थानीय लगानीकर्ताको करीब १४० मिलियन डलर रहेको छ ।"[54] सो सिमेन्ट कम्पनीका लागि आवश्यक पर्ने कच्चा पदार्थ (चुनढुंगा) उल्लिखित ज्यामिरेबाट प्राप्त गरिने छ । सो स्थानबाट प्रतिदिन १२,००० मेट्रिक टन चुनढुंगा उत्खनन गरिने लक्ष्य राखिएको छ । शुरुको पाँचवर्ष भने प्रतिदिन ६,००० मेट्रिकटन प्रतिदिन चुनढुंगा उत्खनन गरिने बताइएको छ । चुनढुंगा उत्खनन पाल्पाको ज्यामिरे ८ बाट उत्खनन गरिने छ ।

- घटना घट्नुका सम्भावित कारण के हो ?
  नेपाल सरकार तथा परियोजनाले आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र तथा अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ का प्रावधानहरू कार्यान्वयन नगरेका कारण सो घटन गएको हो ।

- कुन नीति तथा कानूनका कारण यो घटना घटन गयो ?
  संविधान, वातावरण ऐन, भूमि अधिग्रहण सम्बन्धी ऐनमा आदिवासी तथा स्थानीय समुदायहरूको अधिकार नसमेटिएको र भएका प्रावधानहरूको कार्यान्वयन नभएको कारण यो घटना भएको हो ।

---

[54] http://www.globalcement.com/news/itemlist/tag Hongshi%20 Shivam%20Cement

- यस्तै प्रकृतिको घटना यसअघि पनि घटेको थियो कि ?
  यसप्रकारका घटनहरू यसअघि चितवन, ललितपुर र सिन्धूली (मारुती सिमेन्ट) मा समेत घटेको थियो ।

**यो घटना नजिक कुन घटना भएको थियो, जुन यो घटनासँग सम्बन्धित छ ?**
यो घटना नवलपरासीको बेनिमणिपुरमा संचालन हुन गइरहेको होङशी शिवम सिमेन्ट फ्याक्ट्रीसँग सम्बन्धित रहेको छ । किनभने सो सिमेन्ट फ्याक्ट्रीका लागि आवश्यक पर्ने कच्चा पदार्थ (चुनढुंगा)को पूर्ति ज्यामिरेबाट गरिने छ । सिमेन्ट उत्पादन गरिंदा बेनिमणिपुर गाविसको वडा नं. २, ३ र ७ लगायतका क्षेत्र प्रभावित हुने छन् ।

**ख. वास्तविक घटनाको विवरण**

सामाजिक अवस्था र परियोजनाको समुदायमा प्रभाव
पाल्पाको ज्यामिरे गाविस मगरहरूको बाहुल्य भएको क्षेत्र हो । ज्यामिरेको ८९% जनसंख्या मगरहरूको रहेको छ[55] भने बाँकी दलित रहेका छन् । उनीहरू सो क्षेत्र आफ्ना कैयन पुस्ताहरूदेखि बसोवास गर्दै आएका छन् । तर वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनले उनी दुई पुस्तादेखि मात्र बसोवास गरेको बताएको छ । "ज्यामिरे गाविसको परियोजना क्षेत्रका दुई तिहाई जति घरधुरी दुई पुस्तादेखि बसोवास गर्दै आएका छन् । ८४% जति घरधुरी भरखरै मात्र बाहिरबाट बसाईं सरेर आएका हुन् ।"[56] वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनका अनुसार सो गाविसको वडा नं.८ अति प्रभावित गाविस अन्तर्गत पर्दछ, जहाँ ८४ घरधुरी रहको छ । सो वडाको जनसंख्या ५०१ रहेको छ, जसमा २३३ (४६.५%) पुरुष र २६८ (५३.५%)

---

[55] CBS, 2011.

[56] Environmental Impact Assessment Study of M/S Hongshi Shivam Cement Private Limited Company (A Limestone based 2,000 TPD Cement Plant), January 2017 P. 98

महिला रहेका छन् ।[57] तर संघर्ष समितिका अनुसार सो परियोजनाले भुकुटे-८ का ३१ घरधुरी, पोखरीछाप-४ का ६२ घरधुरी, माथिल्लो टोल वा सिन्धुरे टोलका २९ घरधुरी, तल्लो टोल अधमराका २३ घरधुरी र ज्यामिरे-२ का ५२ घरधुरी प्रभावमा पर्दछ ।

**मानवअधिकार हननको अवस्था**

परियोजनाले मानवअधिकार हनन गरेको संघर्ष समितिका सदस्य तथा पीडितहरू बताउँछन् । सो परियोजनाले निम्न मानवअधिकार उल्लंघन गरेको छ :

*पूर्व सूचित जानकारीसहितको मन्जुरी*

परियोजना संचालनका लागि आदिवासी तथा स्थानीय समुदायहरूको पूर्व सूचित जानकारीसहितको मन्जुरी लिनुपर्ने हुन्छ । सो परियोजनाले आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र[58] र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९[59] ले सुनिश्चित गरेको आदिवासीहरूको पूर्व सूचित जानकारीसहितको मन्जुरीको अधिकार हनन गरेको छ । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा समावेश गरिएका समुदायका प्रतिनिधिहरूको नामावली सही नभएको र धेरैजसो व्यक्तिहरू सार्वजनिक सुनुवाईमा सहभागी नभएको उनीहरू बताउँछन् । तर सो प्रतिवेदनमा उनीहरूको हस्ताक्षर रहेको छ ।

---

[57] Environmental Impact Assessment Study of M/S Hongshi Shivam Cement Private Limited Company (A Limestone based 2,000 TPD Cement Plant), January 2017.

[58] United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP), 2007, Art 19.

[59] ILO Convention No. 169 (Indigenous and Tribal Peoples Convention, 1989), Art. 2.

*सूचनाको हक*

पीडितहरूको सूचनाको हकसमेत परियोजनाले हनन गरेको छ। उनीहरूको भूमिमा संचालन हुने कुनै पनि परियोजनाका सम्बन्धमा सूचना पाउने उनीहरूको हक रहेको हुन्छ। तर परियोजनाका सम्बन्धमा उनीहरूले कुनै पनि जानकारी नपाएको पीडित समुदायहरू बताउँछन्। वातावरणीय मूल्यांकन प्रतिवेदनका लागि पीडितहरूले पटक-पटक ताकेता गर्दा समेत करीब दुई महिनापछि मात्र उनीहरूले सो प्रतिवेदन पाएका थिए। तर सो प्रतिवेदन अंग्रेजीमा भएका कारण सर्वसाधरण जनताले सो प्रतिवेदनमा के छ भन्ने विषयमा बुझ्न नसक्ने अवस्था रहेको छ।

*सहभागीको अधिकार*

आदिवासी जनजातिसँग उनीहरूको आफ्नो अधिकारमाथि प्रभाव पार्ने विषयहरूको निर्णय प्रक्रियामा आफ्नै प्रक्रियाअनुरूप आफैंले छानेका प्रतिनिधिमार्फत् सहभागी हुने एवं आफ्नै मौलिक निर्णय गर्ने संस्थाहरूलाई कायम राख्ने तथा सृजना गर्ने अधिकार छ।[60] तर कुनै पनि निर्णय प्रक्रियामा पीडित आदिवासीहरूको सहभागिता रहेको छैन।

*स्वास्थ्य सम्बन्धी अधिकार*

परियोजनाले आदिवासी तथा स्थानीय समुदायहरूको स्वस्थ्यमा समेत प्रभाव पार्ने सम्भावना रहेको छ। परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनले समेत धुलो, ध्वनी प्रदुषण, माटो र वायु प्रदुषण आदि हुने बताएको छ। तर परियोजनाका त्यस प्रकारका प्रभाव बारे प्रभावित समुदायका सदस्यहरू जानकार छैनन्। परियोजना क्षेत्रका आदिवासी तथा स्थानीय समुदायमा पर्नसक्ने सम्भावित नकारात्मक असरहरू

---

[60] United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP), 2007, Art 18.

न्यूनीकरणका कुनै पनि क्रियाकलापहरू अपनाइएको छैन । हाल सडक निर्माण प्रक्रिया संचालन रहेको छ । सडक निर्माणका क्रममा आदिवासी तथा स्थानीय समुदायहरूले धुलोको समस्या भोगिरहेको उनीहरू बताउँछन् । साथै परियोजनाका कारण सो क्षेत्रमा पानीको समस्या बढेकोसमेत प्रभावित आदिवासी तथा स्थानीय समुदाय बताउँछन् ।

*शिक्षाको अधिकार*

परियोजनाले आदिवासी तथा स्थानीय समुदायका बालबालिकाहरूको शिक्षामा समेत प्रभाव पार्दछ । सो परियोजना क्षेत्रमा श्री सेरोदेवी प्राथमिक विद्यालय, श्री प्रगति निम्नमाध्यमिक विद्यालय र श्री जनप्रिय माध्यमिक विद्यालय आदि रहेका छन् । परियोजनाको क्रियाकलापहरू संचालन भएपछि ध्वनीलगायतका प्रदुषणका कारण उनीहरूको शिक्षामा प्रभाव पर्ने देखिन्छ । त्यसका अलावा परियोजना क्षेत्रबाट विस्थापनमा पर्ने विद्यार्थीहरूको शिक्षामा समेत प्रभाव पर्ने देखिन्छ । ज्यामिरे ६ का करीब २५ विद्यार्थी जनप्रिय माध्यमिक विद्यालयको विभिन्न कक्षामा अध्ययनरत रहेका छन् । परियोजनाले उनीहरूको शिक्षामा समेत प्रभाव पार्ने देखिन्छ ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

क. जीविकोपार्जन

सो परियोजनाले आदिवासी तथा स्थानीय समुदायहरूको स्वस्थ्यमा समेत नकारात्मक प्रभाव पार्ने सम्भावना रहेको छ । जीवनको अधिकार भन्नाले उनीहरूको जीवनपद्धति, संस्कृति, परम्परा, ज्ञान, शीप प्रथा र अन्य जीविका यापनसँग सम्बन्धित अधिकारहरूमा सो परियोजनाले प्रभाव पार्दछ । त्यसका अलावा प्राकृतिक स्रोत र साधनको दोहन हुने भएका कारण प्राकृतिक स्रोतसाधनमा निर्भर रहने मगर समुदायको जीविकोपार्जनलगायत परम्परा तथा धार्मिक, साँस्कृतिक प्रचलनमा समेत प्रभाव पर्नसक्नेछ ।

ख. समुदायको संस्कृति र परम्परा

आफ्नो परम्परागत स्थलबाट विस्थापनमा पर्ने भएका कारण उनीहरूको सामाजिक, साँस्कृतिक अवस्थामा समेत प्रभाव पर्ने देखिन्छ। साथै नौलो स्थान र परिवेशमा घुलमिल हुँदा उनीहरूको भाषा, संस्कृति र परम्परामा समेत नयाँ परम्परा र संस्कृतिको प्रभाव पर्ने निश्चित छ, जसका कारण उनीहरूको पहिचानमा समेत संकट पैदा हुनेछ।

ग. महिला, बालबालिका

तथ्यांक अनुसार ५३% महिला रहेका छन् भने............% बालबालिका रहेका छन्। युवाहरू रोजगारीका लागि गाउँ बाहिर जाने भएका कारण गाउँमा रहने प्राय: गृहिणी महिला र बालबालिका छन्। यस परियोजनाले उनीहरूलाई बढी प्रभाव पार्ने देखिन्छ। जस्तै बालबालिकाको स्वस्थ्य, शिक्षा, गाँस, बास, कपास आदि र महिलाहरूको स्वस्थ्य, गाँस, बास र पेशा व्यवसाय आदि।

घ. भूमि र स्रोतहरूको स्वामित्व

यहाँको भूमि र प्राकृतिक स्रोत यस क्षेत्रका आदिवासी तथा स्थानीय समुदायका सदस्यहरूले व्यवस्थापन तथा संचालन गर्दै आएका छन्। तर परियोजना संचालनार्थ उनीहरूको सहमति बिना परियोजनाले सो क्षेत्रको भूमि र स्रोतमाथि स्वामित्व कायम गरेपछि उनीहरूको परम्परागत स्वामित्व गुम्नेछ।

ङ. समुदायभित्रको सम्बन्ध

विस्थापनमा परेपछि त्यहाँका आदिवासीहरूको सामुदायिक सम्बन्धमा समेत प्रभाव पर्ने देखिन्छ। हाल आफ्नो परम्परागत थलोमा रहेका उनीहरूको सामाजिक, आर्थिक सम्बन्धमा सामुदायिक समन्वय र सहकार्य रहेको छ। सो स्थानबाट विस्थापनमा परेपछि उनीहरूले नयाँ ठाउँमा त्यसप्रकारको वातावरण पाउँदैनन्। नयाँ स्थान र परिवेशमा घुलमिल हुन उनीहरूलाई समस्या पर्न सक्छ भने लामो समयपछि उनीहरूको सामाजिक, साँस्कृतिक, भाषिक पहिचानमा समस्या देखा पर्नसक्छ।

च. अन्य

परियोजनाका कर्मचारीले आदिवासी र स्थानीय समुदायहरूलाई दबाब दिने र लोभलालच देखाउने गरेको समुदायहरू बताउँछन् । साथै परियोजनाले पीडितहरूको प्रमुख माग सम्बोधनको सट्टा विद्यालयलाई भलिबल किनिदिने वा रकम (रु.५०,०००) उपलब्ध गराउने समुदाय बताउँछन् । जुन उनीहरूले अस्वीकार गरेका छन् । प्रमुख जिल्ला अधिकारी र उद्योग मन्त्रीले परियोजना सार्न नमिल्ने भएको बताएको पीडित संघर्ष समितिले बताएकोछ ।

**६. प्रभावित**(हरू) **र/अथवा उनीहरूको परिवारले लिएको कदम**

कुन कदम चालेको हो ? ठीक चिन्ह लगाउनुहोस् ।

- ☐ *प्रहरी जाहेरी (Police Blottering)*
- ☐ *जाहेरी दरखास्त*
- अदालतमा मुद्दा दायर

  हालसम्म अदालतमा मुद्दा दायर नभएको र लाहुर्निपको सहयोगमा पीडितहरूले मुद्दाको लागि तयारी गरिरहेका छन् ।

- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पत्र पठाएको पीडित संघर्ष समितिले २०७४, बैशाख १२ गते आफ्ना मागहरूसहित प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्र बुझाएको छ । सो मागपत्रमा परियोजनाको प्रभावका बारे सूचना पाउनुपर्ने, स्वतन्त्र, पूर्व जानकारीसहितको सहमति, आदिवासी तथा स्थानीय समुदायको भूमि र प्राकृतिक स्रोतसाधनमाथिको अधिकार उल्लंघन गर्न नपाइनेलगायतका मागहरू रहेका छन् ।[61] साथै २०७४, बैशाख २१ गते उद्योग मन्त्रीलाई भेटेर आफ्ना माग तथा सवाहरू बारे

[61]२०७४ बैशाख १२ मा संघर्ष समितिले प्रधानमन्त्रीलाई बुझाएको ज्ञापनपत्र ।

अवगत गराएको छ । तर उद्योग मन्त्रीले ज्ञापनपत्र भने लिन अस्वीकार गरेको संघर्ष समितिका अध्यक्षले बताए । साथै पीडितहरूले संघर्ष समितिमार्फत राष्ट्रिय मानवअधिकार आयोगमा मानवअधिकार रक्षाका लागि ज्ञापनपत्र पेश गरेका छन् ।

- सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्र र संस्थाहरूमा पत्राचार हालसम्म क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्र र संस्थाहरूमा पत्राचार गरेको छैन ।

- अन्य निकाय
  संघर्ष समितिले हालसम्म जिल्ला प्रशासन कार्यालय र परियोजनामा आफ्ना मागहरूसहित ज्ञापनपत्र पेश गरेको छ ।

**७ नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू (यदि छन् भने)**

- कानूनी सहायता
  नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले पीडितहरूलाई कानूनी परामर्श तथा सहयोग प्रदान गरिरहेको छ ।

**अभियान र वकालत**

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) र नेपाल मगर संघले पीडितहरूको अधिकारका सवालमा अभियान तथा वकालतमा सहयोग गरिरहेको छ ।

**भौतिक र आर्थिक सहयोग**

हालसम्म कुनै पनि संस्था तथा निकायहरूले भौतिक तथा आर्थिक सहयोग प्रदान गरेको छैन ।

७. **सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाएका पत्रहरूको जवाफ

  छैन ।
- अदालतका निर्णयहरू

  छैन ।
- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरू

  छैन ।
- संसदीय समितिको सुनुवाई, यदि सम्भव भए

  छैन ।
- मुद्दामाथि सरकारको राय (यो समाचारहरूबाट साभार गर्न सकिन्छ)

  यो परियोजनालाई उच्च प्राथमिकतामा राखिएको एक सरकारी निकायका प्रतिनिधिको भनाई रहेको छ। साथै उद्योगका लागि आवश्यक बजेट विनियोजन गरेर कामलाई तीब्रता दिनेसमेत बताएका छन् ।[62]

८. **मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूबाट प्राप्त प्रतिक्रियाहरू

९. **सिफारिशहरू**

- सरकारले कस्ता कारवाही(हरू) अघि बढाओस् भन्ने तपाईं चाहनु हुन्छ ?
  - सरकारले पीडित आदिवासीहरूसँग स्वतन्त्र, पूर्व जानकारीसहितको मन्जुरी लिनुपर्ने,

---

[62]नारायण शर्मा (१३ बैशाख, २०७४) पूर्वाधार नबन्दा सिमेन्ट उत्पादनमा ढिलाई, काठमाडौं: कान्तिपुर दैनिक, पृ. १७

- पीडितहरूलाई परियोजनाका बारे उनीहरूकै भाषामा सूचना पाउने व्यवस्थाको सुनिश्चित गरिनुपर्ने,
- परियोजनाका कारण उत्पन्न हुने अवस्थाका बारे परियोजनाले आदिवासी तथा स्थानीय समुदायहरूलाई स्पष्ट जानकारी दिनुपर्ने,
- परियोजना स्थानान्तर गरिनुपर्ने,

- *अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरू र संस्थाहरूलाई तपाईको सिफारिशहरू के के हुन्, जस्तै आदिवासी अधिकार सम्बन्धी विशेष समाधीक्षक ?*

- आदिवासी अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी संस्था तथा निकायहरूले अवस्थाको अनुगमन गर्नुपर्ने,
- नेपाल सरकारलाई आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ का प्रावधानहरू कार्यान्वयनका लागि सिफारिश गर्नुपर्ने,

- *अन्य,*

- परियोजनाले आदिवासी र स्थानीय समुदायहरूसँग उनीहरूको सवालका विषयमा छलफल गर्नुपर्ने,
- परियोजनाले परियोजना सम्बन्धी सम्पूर्ण जानकारीहरू समुदायले बुझ्ने भाषामा अनुवाद गरी सबैलाई उपलब्ध गराउनुपर्ने ।

**१०. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

सम्पर्क विवरण: अनामनगर, काठमाडौं ।

पीडितसँगको सम्बन्ध

गोप्य: हो () होइन (✓)

# कैलालीमा आदिवासीको भूमिमाथिको अधिकार हनन

**१. घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- FPIC,
- सूचनाको हक,
- साँस्कृतिक,
- धार्मिक,
- आर्थिक ।

ख. घटना भएको मिति र समय

मिति: २०७३ चैत्र २२ गते

ग. घटना भएको स्थान

जिल्ला: कैलाली

नपा/गाविस: टीकापुर नगरपालिका

वडा: १

टोल: उत्तरपुरा, बीचकापुरा, दक्षिण पुरुवा, उदय पुरुवा

**२. पीडित(हरू)को विवरण**

आदिवासी तथा स्थानीय समुदायहरू

क. समुदायको निश्चित क्षेत्र/स्थान: टीकापुर वडा नं.

ख. समुदायमा कूल प्रभावितहरूको संख्या: १५० घरधुरी

ग. प्रभावित पुरुषहरूको संख्या: ३५०

घ. प्रभावित महिलाहरूको संख्या: ४००

ङ. प्रभावित बालबालिकाहरूको संख्या: ३००

च. प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: मगर
छ. आदिवासी जनाजाति नेताहरूको नाम: टंक पुन मगर, संस्कृति संरक्षण संघ, राम पुन मगर, नेपाल मगर संघ, नगर समिति टीकापुर
ज. समुदायका सदस्यहरूको मुख्य पेशा:
कृषि, पशुपालन तथा दैनिक ज्याला मजदुरी ।

**३.मानवअधिकार उल्लंघनकर्ताहरूको विवरण**

क. मानवअधिकार उल्लंघनकर्ता(हरू)को निकाय:

- रानी जमरा कुलरिया सिचाईं आयोजना
- चिसापानी, टीकापुर, कैलाली

**४. घटनाको विवरण**

क. घटनाको पृष्ठभूमि

कैलालीको टीकापुर नगरपालिका १ मा अवस्थित जमरा बेल्टलाई आसपासका आदिवासी जनजाति तथा स्थानीयहरूले सामुदायिक वनको रुपमा वि.स. २०४२ सालदेखि उपभोग गर्दै आएका संघर्ष समितिका संयोजक बताउँदछन् । जमरा बेल्ट भनी कित्ता नं.८ र १६ गरी करीब २५ बिघामा फैलिएको उक्त जग्गामा आदिवासी तथा स्थानीयले खडक सामुदायिक वन उपभोक्ता समिति (सावउस), घुयाली सावउस र प्रगति सावउस बनाई संरक्षण पनि गर्दै आइरहेका छन् । टीकापुर नगरपालिकासँग बेलाबखत सम्झौता (२०५६, २०५९ र २०६० का सम्झौताहरू)गरी संरक्षण गर्दै आएका छन् भनी बताउँदछन् । यस क्षेत्रभित्र मगर समुदायले वराह थानको विकास, बौद्धको विहार, मर्दा चोखिने स्थल, सिद्ध, ब्रमसी, कालीका आदि आस्थाका थानहरू बनाएको अवस्था रहेको छ । साथै मशानघाट, बैठक घरलगायत धार्मिक स्थल बनाइरहेका छन् । यो जमरा बेल्टबाट घाँस, दाउरा, मृत्यु संस्कारका लागि चाहिने दाउरा, पात, विवाहको लागि चाहिने पात वनबाट उपलब्ध गराएको स्थानीयहरू बताउँदछन् ।

वार्षिक विकास कार्यक्रम अन्तर्गत आ.व. २०६८/०६९ देखि शुरु भएको यस रानी जमरा कुलरिया सिचाईं परियोजनालाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाको रुपमा लिएको छ।[63] थारुहरूले वि.स. १८९६ देखि वि.स. १९५० तिर रानी तथा कुलरीया जस्ता परम्परागत सिचाईं पद्धतिबाट खेत सिचाईं गर्ने गर्दथे। यो पद्धति किसानहरूले लामो समयसम्म आफैंले संरक्षण गरेको पद्धति हो।[64] यस परियोजना अन्तर्गत रानी (२० कि.मी.), जमरा (१६ कि.मी.) र कुलरीया (१६ कि.मी.) निर्माण गरिने तथा कर्णाली, मोहना र पथरीया नदी तथा यस आसपासका नदीहरूबाट हुने कटान तथा बाढीबाट पनि जोगाउने उल्लेख गरेको छ।[65]

परियोजना करीब १९,४१५ मिटर जंगल भएर निर्माण गरिने छ। करीब ४५.२२ हेक्टरका ३४,६६९ रुखहरू काटिनेछन्। स्थानीय वातावरण अनुगमन समितिमा सम्बन्धित सामुदायिक वनको एक सदस्य राखिने व्यवस्था गरिएको छ।[66] तर समुदायले कुनै पनि सूचना जानकारी नपाएको र मिति २०७३ साल, चैत्र २२ गतेतिर सो वनमा नहर खन्ने भनी चिन्ह लगाउन आउँदा मात्र थाहा/जानकारी पाएको बताउँदछन्। आफूले भोगीचर्ची आएको सामुदायिक वनमा बिना सूचना, बिना जानकारी नहर निर्माण गर्न लागेको बताउँदछन्। टीकापुर नपा वनगाउँका मगरहरूसंग समूहगत छलफल गरेको उल्लेख गरिए[67] पनि यस विषयमा कुनै पनि छलफल नभएको कविराम पुन बताउँदछन्।

---

[63] आ व २०७३/०७४ को वार्षिक विकास कार्यक्रम, पेज नं. ३३।

[64] Evironmental Assessment Report of RJKIP.

[65] Project Document for a Mordernization of Rani Jamara Kulariya Irrigration Scheme-phase 1, 2011, page no 26

[66] Evironmental Assessment Report of RJKIP, P. 13&14.

[67] Social Assement RJKIP, 2011, P.11.

ख) *त्यसपछि के भयो.....?*

मिति २०७३ साल, चैत्र २३ गतेका दिन तीनवटै सामुदायिक वनहरूको बैठक बसी आन्दोलनका चरणहरू निर्माण गरेको छ। लाहुर्निपका क्षेत्रीय आदिवासी मानवअधिकार प्रतिरक्षक दलबहादुर घर्ती मगरसंग परामर्श गरेको छ। सामुदायिक वनसंग सम्बन्धित विभिन्न दस्तावेजहरू संकलन गरेको छ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- प्रभावित समुदायमा परेको प्रभाव के के हुन् ?

क. जीविकोपार्जन

ख. मगरहरूको विवाह, मृत्यु संस्कार,

ग. भूमि र स्रोतहरूको स्वामित्व

**६.प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)मा निवेदन पठाएको

**७. पीडितहरूको मागदाबी**

क) सामुदायिक वनबाट लगेको रानी जमरा कुलरीया नहर निर्माण नगरियोस्

**८. आदिवासी मानवअधिकार उल्लंघन भएका घटनासंग सम्वद्ध प्रमाणहरू**

क) वि.स. २०५६, २०५९ र २०६० मा स्थानीय र प्रशासकीय अधिकृतसँग गरिएका सम्झौताहरू

ख) बैठक माईन्यूटहरू

**९. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू (यदि छन् भने)**

- कानूनी परामर्श
- जनवकालत

१०. **सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

- छैन

११. **मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- छैन

१२. **सिफारिशहरू**

- रानी जमरा कुलरिया सिचाईं परियोजना जमरा बेल्टबाट नलगियोस
- वनसंग अन्योन्याश्रित रहेको सम्बन्ध टुटाई समुदायको आर्थिक तथा साँस्कृतिक अधिकार हनन नगरियोस् ।

१३. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

मनोज राई आठपहरिया र दलबहादुर घर्ती मगर

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# टीकापुरमा मानवअधिकार हनन

**१. घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- आर्थिक,
- राजनीतिक,
- भूमिमाथिको अधिकार,
- विस्थापन ।

ख. घटना भएको मिति र समय

मितिः २०७२, भदौ ७

समयः मध्यान्ह ।

ग. घटना भएको स्थान

जिल्लाः कैलाली

नपा/गाविसः टीकापुर

वडाः

टोलः

**२. पीडित(हरू)को विवरण**

क. पीडित(हरू)को नाम थरः

ख. लिंगः पुरुष

ग. उमेरः २०-५०

घ. पेशाः कृषि

ङ. वैवाहिक अवस्थाः विवाहित/अविवाहित

च. जातीय/आदिवासी समूहः थारु

अ. संस्थागत आवद्धता (यदि कुनै भए): थारु कल्याणकारी सभा, बडघर

*(नोट: पीडितको संख्या धेरै भए पीडितहरूको विवरण थप पानामा लेख्नुहोला)*

*यदि समुदाय पीडित भएको भए निम्न विवरणहरू आवश्यक छन्:*

क. समुदायको निश्चित क्षेत्र/स्थान

ख. समुदायमा कूल प्रभावितहरूको संख्या

ग. प्रभावित पुरुषहरूको संख्या

घ. प्रभावित महिलाहरूको संख्या

ङ. प्रभावित बालबालिकाहरूको संख्या

च. प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू

छ. आदिवासी जनाजाति नेताहरूको नाम *(यदि परम्परागत अथवा प्रतिनिधिमूलक संस्थाको नेता हो भने प्रष्ट्याउनु होस् र कम्तीमा दुई जना नेताहरूको नाम उल्लेख गर्नुहोस्)*

ज. समुदायका सदस्यहरूको मुख्य पेशा:

**३. मानवअधिकार उल्लंघनकर्ताहरूको विवरण**

क. मानवअधिकार उल्लंघनकर्ता(हरू)को नाम, पद:

- नाम, थर:
- पद:
- ठेगाना:
- सम्पर्क नं.:
- ईमेल:
- फ्याक्स्:

ख. मानवअधिकार उल्लंघनकर्ता(हरू)को निकाय:

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख:

घ. मानवअधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण:

**४. घटनाको विवरण**

क. घटनाको पृष्ठभूमि

- घटनासँग सम्बन्धित सूचना के के हुन् ?
  ७ भदौ, २०७२
  कैलाली, टीकापुर

- घटना घटनुका सम्भावित कारण के हो ?
  टीकापुर घटना हुनु अघि थारुहरूले गरेको विभिन्न शान्तिपूर्ण प्रदर्शनहरूमा अवरोध गर्ने काम भएको थियो । राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय कैलालीका संयोजक मोहनदेव जोशीका अनुसार भदौ ७ को घटनाको पृष्ठभूमि सो अघि नै बन्दै आइरहेको थियो । सामाजिक सद्भावका लागि साउन २७, भदौ ३ र ५ गरी पटक-पटक सर्वपक्षीय बैठक बसेको र एक अर्काको कार्यक्रम अवरोध नगर्ने सहमतिसमेत भएको थियो । तर ती सहमतिहरू पालना गर्ने काम नभएको कारण सामाजिक तिक्तता बढ्न गई सो घटना घटेको जोशीको भनाई रहेको छ । भदौ ५ गतेसमेत बृहत रुपमा सर्वपक्षीय बैठक बसी आचारसंहितासमेत बनेको भए तापनि कार्यान्वयन हुन सकेन ।[68] सो घटनाको तत्कालीन कारण भदौ ४ मा भएको घटना हो । सो दिन अखण्ड पक्षधरले आफ्ना प्रदेश थप गर्ने माग सरकारले सम्बोधन गरेपछि विजय जुलुसको रुपमा मोटरसाइकल ऱ्याली निकाले । सो ऱ्याली थारुहरूको असहमतिका बावजूद निषेधित क्षेत्र (तोकिएको क्षेत्र) नाघेर अघि बढे । थरुहटका नेताहरूले विजय जुलुस त्यसतर्फ ननिकाल्न अनुरोध गरेको भए पनि सुखडसम्म जान भनी प्रशासनले अनुमति दियो । त्यसपछि प्रशासनले अत्तरीयाबाट अगाडि बढ्न नदिने भनी थारुहरूलाई आश्वासन दिएको भए तापनि प्रहरीकै स्कर्टिङमा ऱ्याली अघि बढ्यो ।

---

[68] लाहुर्निप (२०७२) टीकापुर घटना मानवअधिकार अनुगमन प्रतिवेदन, पृ. ८ ।

अनियन्त्रित सो र्‍यालीले थारुहरूको घरमा आगो लगाउने प्रयास गर्नुका साथै घरघरमा पसी थारुहरूको ३२ वटा मोटरसाइकल जलाइए । थारुहरूको घरको छाना भत्काइदिए । विद्यार्थीको कापी किताबसमेत उनीहरूले जलाए । तर थरुहट आन्दोलनकारीलाई भने धनगढीमा आमसभा गर्न दिइएन । ती सबै घटनाहरूले थारु सर्वसाधारण आक्रोशित बनेका कारण भदौ ७ को घटना भएको थारु नेता तथा सर्वसाधारणहरू बताउँछन् । टीकापुर घटना मानवअधिकार अनुगमन प्रतिवेदन अराजक व्यक्तिहरूबाट थारुहरूको आन्दोलनमा अवरोध पुर्‍याउने काम भएको इन्सेक कैलालीका क्षेत्रीय संयोजक खड्गराज जोशीले बताए ।[69]

- कुन नीति तथा कानूनका कारण यो घटना घट्न गयो ?
  संविधानमा आदिवासी थारुहरूले माग गरेको अधिकार तथा सवाहरू सम्बोधन नगरेका कारण सो घटना हुन पुगेको हो ।
- यस्तै प्रकृतिको घटना यसअघि पनि घटेको थियो कि ?
  यस्तै प्रकारको ठूलो घटना भएको थिएन ।

**यो घटना नजिक कुन घटना भएको थियो, जुन यो घटनासँग सम्बन्धित छ ?**
ख. वास्तविक घटनाको विवरण *(घटनाको पूर्ण रुप सिलसिलेवार रुपमा प्रस्तुत गर्नुहोस्)*
टीकापुर घटना ७ भदौ २०७२ सालमा भएको हो । थारुहरूले गरेको शान्तिपूर्ण आन्दोलनका क्रममा ७ जना प्रहरीहरूको ज्यान गएको थियो । थरुहट/थारुवान संयुक्त संघर्ष समितिले संविधानमा थारुहरूको अधिकार सुनिश्चित हुनुपर्ने माग राख्दै शृङ्खलाबद्ध कार्यक्रमको घोषणा गरेको थियो । सो दिन नगरपालिका कार्यालयमा थारुहट लेखिएको व्यानर राख्ने कार्यक्रम रहेको थियो । हजारौं थारुहरू सहभागी रहेको सो कार्यक्रम

[69] लाहुर्निप (२०७२) टीकापुर घटना मानवअधिकार अनुगमन प्रतिवेदन, पृ. ८-९ ।

शान्तिपूर्ण रहेको थियो । शान्तिपूर्ण प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीहरूबीच झडप हुँदा ७ जना प्रहरीको ज्यान गएको थियो । सो घटनापछि प्रशासनले थारु अगुवा तथा नेताहरूलाई घर-घरै पसी पक्राउ गर्ने काम गरेको थियो भने केही समूहले कर्फ्युको समयमा समेत थारुहरूको घर, पसल, फर्निचर र संचारगृह समेत जलाएका थिए ।

घटनामा संलग्न भएको आरोपमा दर्जनौं थारु युवा तथा अगुवा विरुद्ध "कर्तव्य ज्यान, डाँका चोरी तथा ज्यान मार्ने उद्योग" मुद्दा लगाइएको छ । शुरुमा जिल्ला अदालतमा दायर गरिएको सो मुद्दा हाल सर्वोच्च अदालतमा पुगेको छ ।

हाल निम्न व्यक्तिहरू जेलजीवन बिताइरहेका छन्:

- जोशीपुर गा.वि.स.वडा न.४ झवही, वर्ष ४६ को रामप्रसाद चौधरी
- त्रिशक्ती न.पा.वडा न. ४ भजनी, वर्ष ४१ को प्रेम बहादुर चौधरी
- मुनुवा गा.वि.स.वडा न. ४ ओखरपुर, वर्ष २२ को हरिनारायण चौधरी
- मुनुवा गा.वि.स.वडा न.१ कञ्चनपुर, वर्ष २४ को राजकुमार कठरीया
- मुनुवा गा.वि.स.वडा न.१ कञ्चनपुर, वर्ष २० को दिलबहादुर चौधरी
- मुनुवा गा.वि.स.वडा न.१ कञ्चनपुर, वर्ष २७ को सुन्दरलाल कठरीया
- मुनुवा गा.वि.स.वडा न.१ कञ्चनपुर, वर्ष २० को रामकुमार कठरीया
- थापापुर गा.वि.स.वडा न. ७ नवलपुर, वर्ष ३४ को बृजमोहन डगौरा
- थापापुर गा.वि.स.वडा न. ७ नवलपुर, वर्ष ३५ को राजेश चौधरी
- थापापुर गा.वि.स.वडा न. ५ खैरा, वर्ष ३६ को किशनलाल चौधरी
- थापापुर गा.वि.स.वडा न. ५ खैरा, वर्ष ३३ को सन्तराम चौधरी
- टीकापुर न.पा. वडा न.१, वर्ष ३४ को वीरबहादुर चौधरी
- टीकापुर न.पा.वडा न.३, वर्ष ३१ को रामनरेश चौधरी
- थापापुर गा.वि.स.वडा न. ६, वर्ष ४६ को विश्राम भन्ने जीतबहादुर डगौरा
- टीकापुर न.पा. वडा न.५ घिया पुछरी, संगम भन्ने सन्तोष थारु (चौधरी)
- फूलबारी गा.वि.स.वडा न.१, वर्ष ४० को लक्ष्मण चौधरी

- पथरिया गा.वि.स.वडा न.१ नवलपुर, वर्ष २४ को विश्राम चौधरी
- मुनुवा गा.वि.स.वडा न.४ हिम्मतपुर, वर्ष १४ को करन चौधरी
- मनुवा गा.बि.स. वडा नं. ४ लटकनीया, मेवाला चौधरीको छोरा वर्ष १७ को श्रवण चौधरी
- न.पा. वडा नं.३, वर्ष ५८ को लाहुराम चौधरी
- थापापुर गा.वि.स.वडा नं.५ खैरापुर गाउँ, वर्ष ३४ को नुरुल अलि जागा भन्ने तहौबर अलि जागा
- मुनुवा गा.वि.स.वडा नं.४ लटकनीया, वर्ष १८ को प्रदीप चौधरी
- नारायणपुर गा.वि.स.वार्ड न.३ बेलुवा, अ.वर्ष २२ को विश्राम चौधरी
- जोशीपुर गा.वि.स.वडा न. ७ बडैपुर, सुकराम डगौराको छोरा चुन्नी रामचौधरी

## ५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव

- प्रभावित समुदायमा परेको प्रभाव के के हुन्:

क. जीविकोपार्जन

थुनामा रहेका थारु अगुवा तथा युवाहरूको परिवारको जीविकोपार्जनमा नकारात्मक प्रभाव परेको छ । अधिकांश थुनामा रहेकाहरू परिवारका आयआर्जनमा संलग्न सदस्य भएका कारण उनीहरूको अनुपस्थितिमा उनीहरूको परिवारको भरणपोषण तथा शिक्षामा प्रभाव परेको छ । विद्यालय जाने उमेरमा रहेका कैयन बालबालिकाहरू विद्यालय भर्ना हुन सकिरहेका छैनन् ।

ख. समुदायको संस्कृति र परम्परा

हजारौं युवाहरू आफ्नो परम्परागत थलोबाट विस्थापनमा परेका कारण उनीहरूको संस्कृति तथा परम्परामा प्रभाव परेको छ । थारुहरूको परम्परागत संस्था (बडघर) विघटनको संघारमा पुगेको छ । सो घटनापछि थारुहरूको महानपर्व माघी मनाउनसमेत समस्या परेको छ ।

ग. महिला, बालबालिका

सो घटना पछि विशेषगरी थारु महिला तथा बालबालिकाहरू समस्यामा परेका छन् । अधिकांश युवा तथा अगुवाहरू कोही कारागारमा छन् भने हजारौं विस्थापनमा परेका छन् । त्यसकारण गाउँहरूमा महिला, बालबालिका मात्र रहेको अवस्था छ । उनीहरूको अनुपस्थितमा महिला तथा बालबलिकाहरूको गाँस, बास, कपासमा समस्या परेको छ भने बालबालिकाहरू शिक्षाबाट वन्चित हुनुपरेको छ ।

घ. भूमि र स्रोतहरूको स्वामित्व

ङ. समुदायभित्रको सम्बन्ध

च. अन्य ।

**६. प्रभावित**(हरू) **र/अथवा उनीहरूको परिवारले लिएको कदम**

कुन कदम चालेको हो ? ठीक चिन्ह लगाउनुहोस् ।

- ☐ *प्रहरी जाहेरी (Police Blottering),*
- ☐ *जाहेरी दरखास्त,*
- अदालतमा मुद्दा दायर
  सर्वोच्च अदालतमा मुद्दा चलिरहेको छ ।
- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पत्र पठाएको
- सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्र र संस्थाहरूमा पत्राचार
- अन्य निकाय

**७ नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू** (**यदि छन् भने**)

- कानूनी सहायता
  नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी सहायता प्रदान गर्दै आइरहेको छ ।

- अभियान र वकालत
  थारु संघसंस्थाहरू ।
- भौतिक र आर्थिक सहयोग
  छैन ।

**७ सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाएका पत्रहरूको जवाफ
- अदालतका निर्णयहरू
- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरू
- संसदीय समितिको सुनुवाई, यदि सम्भव भए
- मुद्दामाथि सरकारको राय (यो समाचारहरूबाट साभार गर्न सकिन्छ)

**८. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूबाट प्राप्त प्रतिक्रियाहरू

**९. सिफारिशहरू**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघसंस्थाहरूले निष्पक्ष रुपमा अनुगमन गरिनुपर्ने,
- पीडितका परिवार तथा बालबालिकाहरूलाई जीविकोपार्जन तथा शिक्षामा सहयोग गरिनुपर्ने,
- झूठा मुद्दा लागेकाहरूलाई रिहा गरिनुपर्ने ।

**१०. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

सम्पर्क विवरण: (ठेगाना, मोबाईल, फोन र फ्याक्स र इमेल

पीडितसँगको सम्बन्ध

गोप्य: हो () होइन ()

# माथिल्लो त्रिशुली १ जलविद्युत परियोजनाबाट आदिवासी अधिकार हनन

१. **घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

- साँस्कृतिक,
- धार्मिक,
- आर्थिक,
- भाषिक,
- विस्थापन,
- स्वतन्त्र, पूर्व जानकारी सहितको मन्जुरीको अधिकार (FPIC)

ख. घटना भएको मिति र समय

मिति:

समय:

ग. घटना भएको स्थान

जिल्ला: रसुवा

नपा/गाविस: हाकू, राम्चे, धुन्चे

वडा:

टोल:

२. **पीडित(हरू)को विवरण**

क. पीडित(हरू)को नाम थर:

ख. लिंग: सबै

ग. उमेर: सबै

घ. पेशा: कृषि, व्यापार

ङ. वैवाहिक अवस्था: विवाहित/अविवाहित

च. जातीय/आदिवासी समूह: तामाङ, दलित ।

अ. संस्थागत आवद्धता (यदि कुनै भए): नेपाल आदिवासी जनजाति महासंघ, नेपाल तामाङ घेदुङ ।

क. समुदायको निश्चित क्षेत्र/स्थान: हाकू, राम्चे र धुन्चे ।

ख समुदायमा कूल प्रभावितहरूको संख्या

ग. प्रभावित पुरुषहरूको संख्या

घ. प्रभावित महिलाहरूको संख्या

ङ. प्रभावित बालबालिकाहरूको संख्या

च. प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू

छ. आदिवासी जनजाति नेताहरूको नाम:

ज. समुदायका सदस्यहरूको मुख्य पेशा:

**३. मानवअधिकार उल्लंघनकर्ताहरूको विवरण**

क. मानवअधिकार उल्लंघनकर्ता(हरू)को नाम, पद:

- नाम, थर:
- पद:
- ठेगाना:
- सम्पर्क नं.:
- ईमेल:
- फ्याक्स्:

ख. मानवअधिकार उल्लंघनकर्ता(हरू)को निकाय:

- Nepal Water and Energy Development Company (NWEDC)
- Korean South /east Power Co. Ltd.
- Daelim Industrial Co. Ltd
- Kyeryong Constrution Industrial Co. Ltd
- International Finance Corp.
- Mr. Bkesh Pradhanang

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख:

घ. मानवअधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण:

**४. घटनाको विवरण**

क. घटनाको पृष्ठभूमि

- घटनासँग सम्बन्धित सूचना के के हुन् ?
  *(के, कहाँ, कहिले, किन, कसरी, को)*
- घटना घट्नुका सम्भावित कारण के हो ?
  विकास परियोजना संचालनका क्रममा आदिवासी अधिकार सम्बोधनका लागि संयन्त्र नबनाएका कारण यस प्रकारको घटना घटने गरेका छन्। साथै आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ कार्यान्वयनमा राज्यले ध्यान नदिएका कारण पनि यस प्रकारका घटनाहरू घटने गरेका छन्।
- कुन नीति तथा कानूनका कारण यो घटना घटन गयो ?
  नेपालको संविधान, २०७२, भूमि ऐन, वन ऐन आदि।
- यस्तै प्रकृतिको घटना यसअघि पनि घटेको थियो कि?

**यो घटना नजिक कुन घटना भएको थियो जुन, यो घटनासँग सम्बन्धित छ ?**
रसुवा जिल्लामा हाल दर्जन बढी परियोजनाहरू संचालनका क्रममा रहेका छन्। ती परियोजनाहरूले पनि आदिवासी अधिकार सम्बोधनका लागि कदम चालेको देखिंदैन।

ख.वास्तविक घटनाको विवरण *(घटनाको पूर्णरुप सिलसिलेवार रुपमा प्रस्तुत गर्नुहोस्)*

माथिल्लो त्रिशुली १ जलविद्युत परियोजना, जलविद्युतमा प्रवर्द्धन गरी आर्थिक गरिबी निवारण गर्ने ध्ययले शुरु भएको हो । वि सं. २०४८ भित्रमा १००० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखी परियोजना संचालनमा ल्याइएको हो ।[70] हाल नेपालमा ४९ जल विद्युत परियोजना संचालनमा रहेको छ र जसबाट ७६५.९९९ मेगावाट विद्युत उत्पादन गर्ने अपेक्षा गरिएको छ ।[71] माथिल्लो त्रिशुली १ परियोजना पनि त्यसैमध्येको एक हो । सो परियोजनाबाट २१६ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको छ । यो परियोजना तामाङ समुदायको परम्परागत थलोमा संचालन हुनेछ । सो परियोजना Nepal Water and Energy Development Company (NWEDC) ले तीन कोरियन कम्पनी, अन्तर्राष्ट्रिय मुद्राकोष र नेपाली लगानीकर्ताको लगानीमा शुरु गरेको हो ।[72] सो परियोजनाको Power Development Agreement (PDA)mid October 2016 हुने लक्ष्य राखिएको थियो ।[73] परियोजना शुरुवातीको क्रममा प्रभावित क्षेत्रका आदिवासी तथा स्थानीय समुदायहरूको स्वतन्त्र, पूर्व जानकारीसहितको मन्जुरी नलिइएको तथा उनीहरूलाई परियोजनाका सम्बन्धमा पर्याप्त र उपयुक्त माध्यममा सूचना नदिएको पाइएको छ । आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र[74] र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९[75] ले कुनै पनि परियोजना संचालन पूर्व उनीहरूको स्वतन्त्र जानकारीसहितको मन्जुरी लिनुपर्ने व्यवस्था गरेको भए तापनि नेपाल सरकार तथा परियोजनाले परियोजना संचालनका क्रममा सो प्रक्रिया पूरा गरेको देखिँदैन । साथै सार्वजनिक सुनुवाई एकपटक गरेको र प्रभावित आदिवासी तथा स्थानीय

---

[70] Government of Nepal, Plan and progrmme 2073/74.
[71] Ibid.
[72] https://thehimalayantimes.com/business/construction-upper-trishuli-1-hydro-project-begin-oct-2017/
[73] http://www.nepalenergyforum.com/ministry-set-to-sign-pda-upper-trishuli-1-project/
[74] United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP), 2007, Art 19.
[75] ILO Convention No. 169 (Indigenous and Tribal Peoples Convention, 1989), Art. 2.

समुदायहरूको पर्याप्त सहभागी नभएको र उनीहरूलाई सो विषयमा जानकारीसमेत नभएको पीडितहरू बताउँछन्। पीडित समुदायका प्रतिनिधिहरूले संघर्ष समिति गठन गरी प्रभावित आदिवासी र स्थानीय समुदायहरूको माग उठाइरहेका छन्।

## ५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव

- प्रभावित समुदायमा परेको प्रभाव के के हुन्:

क.जीविकोपार्जन

परियोजनाले सो क्षेत्रका आदिवासी र स्थानीय समुदायहरूको जीविकोपार्जनमा असर पार्दछ। कृषिमा आश्रित तामाङ समुदायको वनसँग अन्योन्याश्रित सम्बन्ध रहेको छ। तर परियोजनाले वन विनाश तथ अतिक्रमण गर्ने भएका कारण उनीहरूको वनमाथिको अधिकार तथा पहुँचमा रोकावट आउने भएको कारण उनीहरूको जीविकोपार्जनमा समस्या आउँछ। साथै परम्परागत थातथलोबाट विस्थापनमा पर्ने भएपछि उनीहरू भूमिहीन हुने भएको कारण पनि उनीहरूको जीविकोपार्जनमा समस्या आउने प्रष्ट छ।

ख. समुदायको संस्कृति र परम्परा

प्रभावित क्षेत्रका आदिवासीहरू उनीहरूको परम्परागत थातथलोबाट विस्थानमा पर्ने भएका कारण उनीहरूको संस्कृति र परम्परामा समेत आँच आउने छ।

ग. महिला, बालबालिका

परियोजनबाट सबैभन्दा बढी महिला तथा बालबालिका प्रभावित हुनेछन्। युवा तथा पुरुषहरू आयआर्जनका लागि आफ्नो ठाउँ छोडेर अन्यत्र जाने गरेका छन्। प्रभावित क्षेत्रमा अधिकांश महिला तथा बालबालिका बस्ने भएका कारण उनीहरूमा आर्थिक तथा

सामाजिक प्रभाव पर्ने छ। परम्परागत थलोबाट विस्थापित हुँदा नयाँ ठाउँमा उनीहरूले आर्थिक, सामाजिक तथा भाषिक समस्याहरू भोग्छन्। धेरैजसो प्रभावित क्षेत्रका तामाङ समुदायका महिला तथा बालबालिकाहरू खस नेपाली भाषा बोल्न जान्दैनन्।

घ. भूमि र स्रोतहरूको स्वामित्व

परियोजनाले प्रभावित क्षेत्रका आदिवासीहरूको भूमि अधिग्रहण तथा भूक्षेत्रमा प्रभाव पार्ने भएका कारण उनीहरू भूमि र स्रोतहरूमाथिको नियन्त्रण तथा पहुँचबाट वन्चित हुनेछन्।

ङ. समुदायभित्रको सम्बन्ध

विस्थापनका कारण प्रभावित आदिवासी र स्थानीय समुदायहरूको सामाजिक सम्बन्धमा प्रभाव पर्नेछ। उनीहरूको सहमति बिना पुनर्वास तथा विस्थापनमा पार्दा उनीहरूको समाजमा भाषिक, साँस्कृतिक र आर्थिक सम्बन्धमा असर पर्नेछ।

च. अन्य

**६.प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

कुन कदम चालेको हो ? ठीक चिन्ह लगाउनुहोस्।

☐ *प्रहरी जाहेरी (Police Blottering)*

☐ *जाहेरी दरखास्त*

- अदालतमा मुद्दा दायर
  छैन।
- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सारकारी निकायहरूमा पत्र पठाएको
  छैन।

- सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्र र संस्थाहरूमा पत्राचार
  छैन ।
- अन्य निकाय

**७ नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू (यदि छन् भने)**

- कानूनी सहायता
  नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ले प्रभावित आदिवासी र स्थानीय समुदायहरूलाई कानूनी सहायता प्रदान गर्दै आएको छ ।
- अभियान र वकालत
  प्रभावित आदिवासी र स्थानीय समुदायका प्रतिनिधिहरू संगठित बनी अभियान र वकालतमा लागेका छन् ।
- भौतिक र आर्थिक सहयोग
  छैन ।

**७ सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाएका पत्रहरूको जवाफ
  छैन ।
- अदालतका निर्णयहरू
  छैन ।
- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरू
  छैन ।
- संसदीय समितिको सुनुवाई, यदि सम्भव भए
  छैन ।
- मुद्दामाथि सरकारको राय (यो समाचारहरूबाट साभार गर्न सकिन्छ)
  छैन ।

**८. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूबाट प्राप्त प्रतिक्रियाहरू

**९. सिफारिशहरू**

- सरकारले कस्ता कारबाही(हरू) अघि बढाओस् भन्ने तपाइँ चाहनु हुन्छ ? जस्तै *राष्ट्रिय मानवअधिकार आयोग, सरकार प्रमुख, प्रहरी/आर्मी प्रमुख आदि*
  - आदिवासीहरूको स्वतन्त्र पूर्व सुसूचित जानकारीसहितको सहमतिको अधिकार सुनिश्चित गरिनुपर्ने,
  - आदिवासीहरूसँगको *सहमतिमा* मात्र परियोजनाहरू संचालनमा ल्याउनुपर्ने,
  - राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार हननको अनुगमन गरी सरकार र परियोजनलाई मानवअधिकार सम्मानका लागि सिफारिश गर्नुपर्ने ।
- *अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरू र संस्थाहरूलाई तपाईको सिफारिसहरू के के हुन्, जस्तै आदिवासी अधिकार सम्बन्धी विशेष समाधीक्षक ?*
  - अन्तर्राष्ट्रिय मुद्रा कोषको लगानी भएका कारण विश्व बैंक तथा सो कोषको सामाजिक सुरक्षा सम्बन्धी नीति कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयनका लागि सिफारिश गर्ने ।
  - क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी संयन्त्र तथा निकायहरूले आदिवासी अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड तथा दस्तावेजहरू कार्यान्वयनका लागि सरकार तथा परियोजनालाई दवाव दिनुपर्ने ।

**१०. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम: नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

सम्पर्क विवरण: अनामनगर, काठमाडौं ।

पीडितसँगको सम्बन्ध

गोप्य: हो () होइन (✓)

## लाहुर्निपको परिचय

### पृष्ठभूमि

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) नेपालमा आदिवासी अधिकारको क्षेत्रमा काम गर्ने मानवअधिकार कानून व्यवसायीहरूको एक अग्रणी संस्था हो ।

सामुहिक अधिकारको मुद्दाहरूमा कानूनी सहायता तथा निःशूल्क कानूनी सहयोगका माध्यमबाट सामाजिक न्याय सुनिश्चितता गराउने उद्देश्यका साथ कानून व्यवसायीहरूको प्रयासमा सन् १९९५ मा लाहुर्निपको स्थापना भएको हो । यसको प्रमुख उद्देश्य नेपालका आदिवासीहरूको मानवअधिकार र मौलिक स्वतन्त्रता प्रवर्द्धन, संरक्षण र प्रतिरक्षा गर्नु रहेको छ ।

लाहुर्निप त्यस्तो अवस्थाको परिकल्पना गर्छ, जहाँ आदिवासीहरू निर्णय प्रक्रियामा समान रुपमा सहभागी हुनेछन् र उनीहरूलाई महत्व दिइने, सम्मान गरिने र उनीहरूको आवाजहरू सुनिने छ, जहाँ उनीहरू सुरक्षित र संरक्षित महशूस गर्ने छन्, जहाँ उनीहरूले लोकतन्त्रसँगसँगै आफ्नो सम्पूर्ण सम्भाव्यता, समानता र आत्मसम्मानको विकास गर्ने छन् ।

लाहुर्निपले नेपाल पक्ष राष्ट्र रहेका आई.एल.ओ. महासन्धि नं. १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रलगायतका अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरूको प्रभावकारी कार्यान्वयनका लागि काम गरिरहेको छ । यसका अलावा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय आदिवासी अधिकार प्रवर्द्धनात्मक आन्दोलनहरूमा पनि एकाकार हुने काम गरिरहेको छ । हाल लाहुर्निपले आदिवासीहरूको अधिकार, विशेषगरी जो उनीहरूको भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोतमा संचालित परियोजनाबाट प्रभावित छन्, नीति तथा कानूनहरूमा सम्बोधनका लागि उनीहरूलाई सहयोग गरिरहेको छ ।

## दूरदृष्टि

लाहुर्निप पूर्ण मानव आत्मसम्मान, दीगो विकास र शान्तिको परिकल्पना गर्दछ, जुन मानवअधिकार र मौलिक स्वतन्त्रता तथा सामुहिक अधिकारको सम्मान र सुनिश्चिततताबिना हासिल गर्न असम्भव छ ।

## ध्येय

लाहुर्निप नेपालका आदिवासीहरूको अधिकार, मानवअधिकार र सवालहरूमा सहयोग र योगदान पुऱ्याउन स्थापना भएको हो ।

## उद्देश्यहरू

१. नेपाली आदिवासीहरूको मानवअधिकार सुनिश्चितता, संरक्षण सम्वर्द्धन गर्ने ।
२. नेपाका आदिवासीहरूसँग सम्बन्धित विभिन्न इथ्नोग्राफिक अध्ययन, अनुसन्धान गर्ने ।
३. आदिवासीहरूको अधिकार, कल्याण र मौलिक स्वतन्त्रताबारे उनीहरूलाई अझ सजग, संवेदनशील बनाउने ।
४. नेपाली आदिवासीहरूको सम्बन्धमा स्रोत केन्द्रको स्थापना गर्ने र उनीहरूको मानवअधिकारबारे विस्तृत सूचना प्रदान गर्ने ।
५. आदिवासी क्षेत्रहरूमा विभिन्न तहको कार्यशाला, अन्तरक्रिया, सेमिनार र बैठकहरूको आयोजना गर्ने ।
६. आदिवासीहरूको आधारभूत मानवअधिकार प्रतिरक्षा, सुनिश्चितता र सम्वर्द्धनका लागि राष्ट्रिय दबाब समूहको रुपमा काम गर्ने ।
७. आदिवासी अधिकारका सवालमा सूचना संकलन, प्रशोधन, विश्लेषण र वितरण गर्ने ।
८. कानूनी तथा मानवअधिकार हननका सवालमा निःशूल्क कानूनी सहयता प्रदान गर्ने ।
९. आदिवासी अधिकारका सवालसँग सम्बन्धित विषयमा विभिन्न परियोजनाहरू संचालन गर्ने ।

१०. नेपालका आदिवासीहरूको आर्थिक, सामाजिक उत्थानमा द्रूतगति दिनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरूको समर्थन तथा ऐक्यवद्धता अभियानहरू संचालन गर्ने ।

११. शान्ति तथा द्वन्द्व व्यवस्थापनको क्षेत्रमा काम गर्ने र योगदान गर्ने ।

१२. जातीय विभेद् र लैंगिक असमानताका विरुद्ध वकालत गर्ने ।

१३. विभिन्न तहमा आदिवासीहरूको मानवअधिकार र मौलिक स्वतन्त्रता प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय मानवअधिका संगठनहरूसँग समन्वय सहकार्य गर्ने ।

**मूल्य मान्यताहरू**

लाहुर्निप निम्न मूल्य मान्यताहरू आत्मसात् गर्न प्रतिवद्ध छ:

पारदर्शिता र जवाफदेहिता: सबै तहमा पारदर्शिता सुनिश्चितताका लागि प्रतिवद्ध छ र लाहुर्निपसँग प्रत्यक्ष सरोकार रहेका जनतासँग जवाफदेही रहनेछ ।

समानता, समता र न्याय: विभेद्रहित सिद्धान्तको आधारमा सबैलाई समान अवसरको सुनिश्चितताका लागि प्रतिवद्ध भई काम गर्नेछ ।

इमान्दारिता: आदिवासीहरूको भलाइका लागि हरेक स्तरमा इमान्दारितासाथ काम गर्न कटिवद्धछ ।

ऐक्यवद्धता: मानवअधिकार स्थापनाका लागि आदिवासीका संघसंस्था तथा आन्दोलनहरूमा बृहत् ऐक्यवद्धता जनाउने छ ।

**लाहुर्निप टिम**

**कार्यसमिति**

अधिवक्ता शान्ति कुमारी राई, अध्यक्ष

अधिवक्ता दिनेश कुमार घले, उपाध्यक्ष
अधिवक्ता शंकर लिम्बू, सचिव
अधिवक्ता, भिम राई, कोषाध्यक्ष
अधिवक्ता मकवान सुब्बा, सदस्य
अधिवक्ता हिराबहादुर घले, सदस्य
अधिवक्ता काशीराम चौधरी, सदस्य

**विषयगत समितिहरू**
आदिवासी जनजाति महिला मामिला समिति
अधिवक्ता लक्ष्मी राई, संयोजक

कानूनी परामर्श तथा सहायता समिति
अधिवक्ता चेतबहादुर आले, संयोजक

मानवअधिकार समिति
अधिवक्ता सन्तोष राना मगर, संयोजक

जनसम्पर्क समिति
अधिवक्ता बुद्धकुमारी लामा, संयोजक

प्रचार प्रसार समिति
रामहरि श्रेष्ठ, संयोजक

**सचिवालय**
टहल ब. थामी, निर्देशक
दुर्गामणि राई (याम्फू), कार्यक्रम संयोजक
असीम सुनुवार, प्रशासन तथा लेखा अधिकृत

अमिता राई, परियोजना सहायक
मनोज राई, परियोजना सहायक
अन्जना श्रेष्ठ, प्रशासन तथा लेखा सहायक
विष्णुकुमार राई, कार्यालय सहायक
सुनिता चौधरी, कार्यालय सहयोगी

**क्षेत्रीय आदिवासी मानवअधिकार प्रतिरक्षकहरू**
अधिवक्ता जुनाकुमारी गुरुङ, कास्की
अधिवक्ता रामहरि श्रेष्ठ, काठमाडौं
अधिवक्ता सन्तोष राना मगर, काठमाडौं
देवराज चौधरी, मोरङ
गोपाल देवान, सुनसरी

**आदिवासी मानवअधिकार प्रतिरक्षकहरू**
अधिवक्ता लक्ष्मी राई, काठमाडौं
अधिवक्ता निना डंगोल, काठमाडौं
अग्निमाया मेचे, झापा
बिनादेवी तामाङ, सुनसरी
धन कुमारी सुनुवार, सिन्धुली
अधिवक्ता काशीराम चौधरी, बर्दिया
अधिवक्ता यामप्रसाद लिम्बू, इलाम
विर्खबहादुर वाइबा तामाङ, पाँचथर
दलबहादुर घर्ती मगर, कैलाली
दिलबहादुर थेबे, मोरङ
कार्साङ तेम्बा तामाङ, रसुवा
खगेन्द्र पुन मगर, दैलेख
खेमजंग गुरुङ, लम्जुङ

किरण मुखिया, इलाम
प्रेमराज घिसिङ, झापा
राजकुमार राजवंशी, मोरङ
गमबहादुर थापा मगर, पाल्पा
सर्जुप्रसाद चौधरी, कैलाली
नरबहादुर गुरुङ, गोरखा
निरन्ती तुम्बापो, पाँचथर
संगीता थामी, इलाम
मीरा अमात्य, काठमाडौं
भुवनकुमारी गुरुङ, दोलखा
सुमी दर्लामी, रामेछाप
बबिता घिसिङ तामाङ, रामेछाप
सरिता राई, खोटाङ


**सम्पर्क**

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह
(लाहुर्निप)
अनामनगर, काठमाडौं, नेपाल
पो. बं. नं: ११११७९
सम्पर्क: ९७७ ०१ ४२६८५१०
इमेल: lahurnip.nepal@gmail.com
वेबसाइट: www.lahurnip.org

ISBN 9937-9135-5-1

9789937913553